# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

मानिसका जीवनमा जटिलता हटाउन सिकाउने उपायहरूको रुपमा मानव सभ्यता सँगसगै शिक्षाको पनि शुरुवात भएको पाइन्छ । मानिसका व्यवहारमा परिवर्तन ल्याउन औपचारिक शिक्षाका साथै अनौपचारिक शिक्षाको शुरुवात भएको कुरा इतिहाँसबाट स्पष्ट हुन्छ । समयको गतिसँगै नयाँ ज्ञान र सीपको शिक्षा दिने हेतुले शिक्षालाई दिनानुदिन परिमार्जित र व्यवस्थित बनाउँदै लगेको पाइन्छ । शिक्षा व्यक्तिको व्यक्तित्व विकास, समाजको सामाजिक विकास एवम् राष्ट्रको विकासका लागि एक अपरिहार्य साधन हो (अधिकारी, २०६६) । त्यसैले भनिन्छ, “चेतना स्तरमा वृद्धि, मानवीय विकासको गुण र प्राविधिक सीपको विकास गराउने महत्वपूर्ण पक्ष नै शिक्षा हो ।” अत विश्व मानव सभ्यताको विकास सँगसँगै कुनै न कुनै रुपमा शिक्षाको विकास र विस्तार हुँदै आएको पाइन्छ ।

नेपालको शैक्षिक इतिहासलाई हेर्ने हो भने नेपालमा प्राचिन कालमा परम्परागत गुरुकुलीन शिक्षाको प्रचलन थियो । त्यस समयमा मुख्यत : सामन्त वर्गका ब्राह्मणले र कर्मकाण्डीय शिक्षा साधरण ब्राह्मणले लिने गर्दथे लिच्छवीकालमा मुर्तिकला, चित्रकला वास्तुकलाको शिक्षा विकसित थियो भने मल्लकालिन समयमा ठुलाबडाका छोराछोरीहरूअनौपचारिक रुपमा मठ मन्दिर, आश्रम र विहारका शिक्षा ग्रहण गर्दथे । काठमाण्डौ उपत्यका बाहिर बाईसी चौविसी राज्यका राजाहरू बौद्दिक धर्मका अनुयायीहरू भएकाले संस्कृत शिक्षाको प्रचलन थियो तर शाहकालीन समयवुद्व तथा संस्कृत दुवै शिक्षाको प्रचलन थियो (श्रेष्ठ र बस्न्यात, २०५५) । त्यसैगरी राणाकालीन समयमा जङ्गबहादुरले वि.सं. १९०६/०७ सालतिर वेलायत भ्रमण गरी फर्केपछि आफ्नै सन्तानका लागि मात्र थापाथली दरबारमा वि.सं. १९१० सालमा दरबार स्कुलको स्थापना गरेका थिए । यो विद्यालय मार्फत आफ्ना छोराछोरीलाई अंग्रेजी शिक्षामा दक्ष बनाउँनु थियो । वि.सं. १९४२ सालमा वीरशमसेरले उक्त स्कुल सर्वसाधारणका लागि समेत खुल्ला गरेका थिए (पौडेल, २०५४) ।

शिक्षाको महत्वलाई वुझिसकेपछि शिक्षालय (शिक्षण संस्था)हरू सञ्चालन गर्न विभिन्न योजनाहरूको आवश्यकता पनि बुझ्न जरुरी हुन्छ । योजनाबद्व शैक्षिक विकासको अवधारणालाई हेर्दा पौराणिक काल देखि नै स्पाटो, एथेन्स, चीन र पेरु जस्ता देशहरूले सामाजिक तथा आर्थिक उद्देश्य पूरा गर्नका लागि बनाइएको पाइन्छ । सन् १९४५ देखि १९७० सम्ममा विश्व जगतमा आएको परिवर्तनले शिक्षा प्रणाली तथा शिक्षा योजनाकारहरूको ध्यान आकृष्ट भै आवश्यकता अनुसार आर्थिक, सामाजिक भिन्नताका कारण विकसित तथा विकाससिल राष्ट्रहरूको लागि अलग अलग शैक्षिक योजनाको आवश्यकता महशुस भएको पाइन्छ (काफ्ले र अन्य, २०६०) ।

विद्यालय एक सानो समाज हो, समाजलाई शैक्षिक संस्थाको रुपमा लिइन्छ । त्यसैले विद्यालयमा शिक्षक र विद्यार्थीको प्रगतिका लागि शैक्षणिक योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । योजना निहित कार्य असफल भई लक्ष्यसम्म पुग्न सकिदैन । त्यसैले शैक्षिक संस्थालाई व्यवस्थित ढङ्ले सञ्चालन गर्न योजनाको निर्माण गरिनुपर्छ । विद्यालयले तय गरेको ज्ञान, सीपअभिवृद्धिमूलक उद्देश्य पूरा गर्न शैक्षणिक योजना निर्माणमा विद्यालयले वार्षिक कार्यतालिका , कार्ययोजना, एकाइ योजना, साप्ताहिक योजना, दैनिक पाठ्योजना, दैनिक पाठशिक्षण तालिकाहरूको निर्माण गरी लैजानुपर्छ (विष्ट, २०४९) । शैक्षणिक योजना भन्नासाथ विद्यालय शिक्षक र कक्षालाई प्रभावकारी रुपले सञ्चालन गर्ने योजना हो । यसभित्र कुन विषयवस्तुलाई कुन-कुन शिक्षण सामग्री, विधि, क्रियाकलाप, विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने तरिका समेत उल्लेख गरिएको हुन्छ । ब्लुम (सन् १९५६)का अनुसार "शैक्षणिक योजनाको केवल पाठ्यक्रम र शिक्षणका उद्देश्यहरूसँग मात्र सम्बद्ध नभई यसले मूल्याङ्कनका साधन निर्माण र प्रयोग गर्नमा समेत सहयोग पुऱ्याउछ । शैक्षणिक योजना सिमित र कक्षाकोठामा निहित हुन्छ । यो शैक्षिक योजनाको एक भाग हो र यसले पाठ्यक्रमले तोकेको उद्देश्यसँग सम्बन्धित भई यसैको आधारमा शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन गरिन्छ (शर्मा एण्ड शर्मा २०६५) ।

नेपालको शैक्षिक योजना निर्माणको अभ्यासलाई हेर्ने हो भने राज्यको सहयोग र जनस्तरबाट खोलिएका विद्यालयहरूलाई सुचारु र व्यवस्थित रुपले सञ्चालन गर्न वि.सं. १९९६ सालमा जुद्धशमशेरले एक इस्तिहार जारी गरेको पाइन्छ । यसले शिक्षा व्यवस्थापनमा विद्यालयको पाठ्यक्रम, नेपाली भाषालाई माध्यम भाषा, निरीक्षण र प्रशासनको व्यवस्था, सञ्चालक समितिको व्यवस्था, गरिब विद्यार्थी छात्रावृत्ति, वार्षिक मूल्ङ्कन शिक्षकलाई

प्रोत्साहन पुरस्कारको व्यवस्था र विद्यालय खोल्ने प्रक्रिया समेत निर्धारण गरेको छ । राणाशासनको पतनपछि वि.सं. २०१० चैत्र ९ सालमा गठन गरी आएको प्रतिवेदनले माध्यमिक स्कुल साधारण र रोजगारी शिक्षा दिने बहुद्देश्यको हुने छ भन्दै यो लक्ष्य पछ्याउन सन् १९६५ सम्म ३२ वटा बहुउद्देश्य हाइस्कुल खोल्ने र हाइस्कुल नभएका जिल्लामा नयाँ स्कुल खोल्न प्राथमिकतामा राख्ने योजना बनाई माध्यमिक स्कुलका लागि (कक्षा ६ देखि १० सम्म) पाठ्यक्रम समेत निर्माण गरिएको इतिहाँस पाइन्छ (ने.रा.शि.आ.२०१०) ।

प्रजातन्त्रको पुर्नबहाली पछि राष्ट्रिय शिक्षा योजना निर्माण गर्ने कार्यलाई अघि बढाउन शिक्षा आयोगको गठन गरी वि.सं.२०४९ साल आषाढ १४ गते प्रतिवेदन तत्कालिन सरकारलाई पेश गरेअनुसार माध्यमिक शिक्षालाई क्रमश : निःशुल्क गर्दै समाजमा शिक्षाको विस्तार गर्ने कुरामा स्पष्ट नीति, योजना कार्यक्रम तयार गरी चरणबद्ध रुपमा कार्यान्वयन गर्न थालेको पाइन्छ । यसले माध्यमिक शिक्षालाई तीन तहमा(नि.मा.वि., मा.वि. र उच्च मा.वि.) विभाजन गरी माध्यमिक शिक्षामा ऐच्छिक र अतिरिक्त विषय पठनपाठन गर्ने व्यवस्था समेत मिलाएको देखिन्छ । पछि उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले रा.शि.आ.-२०४९ कै संरचनालाई अनुमोदन गर्दै माध्यमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक परिवर्तन, शिक्षक दरबन्दी, तालिम, परीक्षा लिने पद्धति, विद्यालय व्यवस्थापन समिति, विद्यालयको वर्गिकरण, छात्रवृत्तिको व्यवस्था जस्ता कुराहरूमा विशेष जोड दिइएको पाइन्छ( शर्मा, २०६०) ।

वर्तमान समयमा नेपालमा शैक्षिक योजना निर्माण गरी चरणबद्ध शिक्षालयहरूको विकास र निर्माण गरी शिक्षाको विकास र प्रगति गर्ने उद्देश्यले आवधिक योजनाका अतिरिक्त विद्यालय सुधार योजना, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको गठन गरी कार्यान्वयन गर्ने गरेको पाइन्छ । यसका अतिरिक्त विद्यालयहरूले वार्षिक कार्यतालिका, शैक्षणिक योजना, मासिक वा साप्ताहिक योजना, दैनिक पाठयोजना, दैनिक कक्षा शिक्षण तालिका जस्ता थप्रै योजनाहरूको निर्माण गरिनुपर्ने व्यवस्था मिलाइएको भएता पनि शिक्षाका अपेक्षित लक्ष्यहरू पूरा नभएर धेरै शैक्षिक लगानीको क्षती भएको जनगुनासो पाइन्छ । त्यसैले शैक्षणिक योजनाको वास्तविकता पहिचानका लागि शोधकर्ताले यसलाई अध्ययनको क्षेत्र बनाएको हो ।

## १.२. समस्याको कथन

माध्यमिक शिक्षामा सवै नागरिकहरूको पहुच पुऱ्याईन्युनतम माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने ठुलो अभिलासा बोकी नेपाल सरकारले शिक्षामा करोडौं लगानी गरेको देखिन्छ । यसका लागि विद्यालयहरूले शैक्षिक स्तर बृद्धि गर्ने विभिन्न योजना निर्माण गरी काम गर्नुपर्छ । माध्यमिक शिक्षा राष्ट्रिय विकासका लागि चाहिने मानवीय संसाधनको जग भएकाले यस तहका लागि शैक्षणिक योजनाको भूमिका महत्वपूर्ण रहेको हुन्छ (घिमिरे, २०६०) । विगतका केहि दशक देखि देशमा माध्यमिक शिक्षामा भएको परिवर्तन र पहुँचको विस्तारका कारणले अकल्पनिय रुपमा भएता पनि शैक्षिक योजनाहरूको निर्माण र सुधार गरी शिक्षाका समग्र शैक्षिक गुणस्तरमा गम्भिर चासोको विषय वनेको छ । यसै सन्दर्भमा माध्यमिक तहको शैक्षिक व्यवस्थापन सुधारमा शैक्षणिक योजनाको भूमिका कस्तो रहेको छ भनी खोज अध्ययन तथा अनुसन्धान नभएका हैनन् तर ती अध्ययनहरूले तत्कालिन अवस्थामा मात्र समाधान दिन सके पनि भविष्यका लागि मार्ग निर्देशक बन्न नसक्नु गम्भिर चासोको विषय बनेको छ । यस अध्ययनले माध्यमिक तहमा शैक्षणिक योजना के कस्तो रुपमा बनेका छन् ? र त्यसको सफल कार्यान्वयन गर्दा आइपर्ने समस्या र समाधान गर्ने उपायहरूको सामान्यीकरण गर्न सहयोग गर्ने छ । यसको साथै माध्यमिक विद्यालयमा शैक्षणिक योजना निर्माणका तत्वको पहिचान गर्ने ? योजना निर्माण र कार्यान्वयन गर्दा शिक्षण क्रियाकलापमा पर्न गएको प्रभाव ? जस्ता प्रश्नको जवाफ गर्ने प्रयास समेत गरेको छ ।

## १.३. अध्ययनको औचित्व

शिक्षा क्षेत्रमा सङ्ख्यात्मक रुपमा तीव्र विकास भएता पनि गुणात्मक विकास भने न्युन देखिन्छ सङ्ख्यात्मक र गुणात्मक विकासलाई समान रुपमा अगाडी  बढाउदै लैजानु उपर्यूक्त हुन्छ । यसले समाज परिवर्तनको मेरुदण्डको रुपमा रुपमा रहेको शिक्षालाई प्रजातन्त्र र मानव अधिकारको ग्यारेन्टी गर्ने प्रमुख साधन तथा संरक्षकको रुपमा स्थापित गर्न सहयोग पुऱ्याउछ । त्यसैले शिक्षा दिने शैक्षिक संस्थालाई व्यवस्थित र सिकाई उपलब्धीमूलक बनाउन शिक्षा सम्बन्धी योजनाहरूको निर्माण गर्नु पर्छ । योजना विहिन कार्यक्रम सफल हुन सक्दैन । त्यसैले विद्यालयमा निर्माण गर्ने योजनाले विद्यालय र शिक्षकलाई मार्गदर्शन प्रदान गर्ने, उद्देश्य हाँसिल गर्न सहयोग गर्ने, शिक्षण सिकाईको

वातावरण सिर्जना गर्ने, शिक्षण विधी तथा सामग्रीको छनौट गर्न सहयोग पुऱ्याउने, शिक्षण कार्यमा एकरुपता ल्याउन सहयोग गर्ने, विद्यालयको शैक्षिक व्यवस्थापनमा सरलता ल्याउने, प्रभावकारी मूल्याङ्कन पद्धति अवलम्बन गर्न मद्दत गर्न सहयोग पुग्ने आदि भएकाले विद्यालयमा शैक्षणिक योजनाको औचित्व बढि महत्वपूर्ण हुन पुगेको छ ।

शैक्षिक योजना निर्माण र कार्यान्वयन नगर्दा विद्यालयको आन्तरिक तथा बाह्य तत्वको प्रभाव कस्तो पर्दछ ? यसले सम्बन्धित क्षेत्रमा पार्ने भूमिकालाई समेत स्पष्ट पार्न मद्दत पुग्ने विश्वास लिइएको छ भने यस अध्ययनबाट प्राप्त निष्कर्षले शिक्षाको नीति निर्माताहरूलाई शैक्षिक नीति निर्माण गर्न सहयोग पुग्ने, पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण निर्देशिका निर्माण गर्नमा शिक्षाविद्लाई सहयोग पुग्ने, लेखक, अनुसन्धानकर्ता, विद्यार्थी, शिक्षकका लागि थप अध्ययन अनुसन्धान गर्न समेत सहयोग पुग्न जाने हुनाले यस अध्ययनको औचित्वलाई पुष्टि गर्न सकिन्छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका लागि छानिएका उद्देश्यहरू यस प्रकार छन् :

क. शैक्षणिक योजना निर्माणको विश्लेषण गर्ने ।

ख. शैक्षणिक योजना निर्माणमा प्रभावपार्ने तत्वको पहिचान गर्ने ।

ग. कक्षा शिक्षणमा शैक्षणिक योजना प्रयोगको अवस्था पत्ता लगाउने ।

घ. शैक्षणिक योजना निर्माणमा देखा परेका समस्याहरू पहिचान गरी समाधान गर्ने उपाय सुझाउने ।

## १.५. अनुसन्धानात्मक प्रश्न

यस अनुसन्धानात्मक कार्यका लागि छानिएका उद्देश्यहरू थप स्पष्ट पार्न माध्यमिक तहमा शैक्षणिक योजनासँग सम्बन्धित भई निम्नानुसारका अनुसन्धानात्मक प्रश्नहरू राखिएका छन्

क. माध्यमिक विद्यालयहरूमा शैक्षणिक योजना निर्माण कसरी गरिएको छ ?

ख. माध्यमिक विद्यालयहरूमा शैक्षणिक योजना निर्माणका लागि आवश्यक तत्वहरू के के हुन ? तिनीहरूले योजना निर्माणमा कसरी प्रभाव पारेका छन् ?

ग. माध्यमिक विद्यालयहरूमा शैक्षणिक योजना कार्यान्वयन नहुनका कारणहरू के के हुन सक्छन् ?

## १.६. अध्ययनको परिसीमा

प्रस्तुत अनुसन्धानात्मक कार्य शैक्षणिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश परिपूर्तिका लागि तयार पारिएको हो । यस अध्ययनले माध्यमिक विद्यालयहरूमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्थालाई समेटेता पनि अनुसन्धानकर्ताको समय अभाव, आर्थिक एवम् मानविय संसाधन तथा समयको उपलब्धता र भौगोलिक क्षेत्रका कारणले झापा जिल्लाको बुधबारे स्रोत केन्द्र अन्तर्गत सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरू मध्ये ५ वटा विद्यालयमा आधारित भई सम्पन्न गरिएको छ । यस भित्र भौगोलिक सन्तुलन हुने गरी विद्यालयहरूको छनौट गरिएको छ भने ति विद्यालयरूमा शैक्षणिक योजनाको व्यवस्थापकिय अवस्थामा मात्र यसलाई सिमित गरिएको छ ।

## १.७. सान्दर्भिक शब्दावलीको परिभाषा र व्याख्या

यस अध्ययनमा प्रयोग गरिएका विभिन्न शब्दावलीले निम्न कुरालाई बुझाउने छन् :

गाउँ विकास समिति : नेपाल सरकारद्वारा निर्धारण गरिएका गाउँहरूको जनसङख्याको अनुपातमा बनेको समुह

विद्यालय व्यवस्थापन समिति : विद्यालय सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने समूह

सामुदायिक विद्यालय : नेपाल सरकारबाट नियमित अनुदान पाउने गरी स्वीकृति वा अनुमति प्राप्त विद्यालय

माध्यमिक विद्यालय : कक्षा ९ र १० कक्षा सञ्चालित विद्यालय

शैक्षणिक योजना : निर्धारित शैक्षिक कार्यक्रमलाई कार्यान्वयन गर्न तयार पारिएको शैक्षिक योजना

# परिच्छेद दुई सम्बन्धित साहित्यको पुनरावलोकन र शैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

आज हामी २१ औं शताब्दीको विज्ञान र प्रविधिको युगमा आइपुगेका छौ । विज्ञान र प्रविधिको विकास र विस्तारले हरेक अनुसन्धानलाई सरल र सहज वनाउनुका साथै चुनौतीपूर्ण समेत बनाएको छ । नेपालमा १९९६ साल पछि शिक्षामा योजनाबद्ध विकासको शुरुवात भएको मान्नुपर्छ । शिक्षाको विस्तारलाई नयाँ सोचका साथ समय सापेक्ष बनाउन नेपालमा थुप्रै शिक्षा सम्बन्धि आयोग, विभिन्न संघसंस्थाको संलग्नता र सहभागीता अनुसन्धानहरू भएका छन् तर विद्यालयको शिक्षण सुधार गर्न र उपलब्धिमूलक सिकाइका लागि शैक्षणिक योजना निर्माण गर्न भने कमी आएको महशुस हुन्छ । यस अनुसन्धान कार्यलाई अघि बढाउने क्रममा माध्यमिक विद्यालयहरूमा शैक्षणिक योजनाको प्रभावकारीता सम्बन्धी अनुसन्धान गरी प्रकाशित भएका विभिन्न लेख, रचना, प्रतिवेदन, पुस्तक पत्रपत्रिका तथा अन्य स्तरीय सन्दर्भ ग्रन्थहरूको पुनरावलोकन गरिएको छ ।

खतिवडा (२०६६) ले विद्यालय सुधार योजना र त्यसको प्रभावकारिता नामक (अप्रकाशित कृति) सोधपत्र तयार गर्ने क्रममा विद्यालयहरूमा योजना निर्माणमा चुनौति देखा परेको, योजना निर्माण र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको वास्तविक सहभागीता हुन नसकेके, योजना निर्माणको थालनी हुनु, कार्यान्वयन अवस्था फितलो हुनु, योजनाले राखेको उद्देश्य अपेक्षाकृत हाँसिल हुन नसक्नु जस्ता निष्कर्ष निकालेका छन् । यसैगरी उनले आफ्नो अनुसन्धानको क्रममा विद्यालय प्र.अ. शिक्षकवीच एकताको भावना पैदा हुन नसकी योजना अलपत्र पर्नु, स्थानिय निकाय र सरोकारवालाहरूको विद्यालयप्रति विश्वास घट्दै गई जनभावना अनुरुप कार्य हुन नसक्नु जस्ता तथ्यहरू निष्कर्षको रुपमा निकालेका छन् भने सरकारले गरेको लगानी खेर जाने अवस्थामा रहेको, १०/१५% प्रतिशत मात्र विद्यालयमा योजना निर्माण हुने गरेका ३/४% प्रतिशत विद्यालयमा मात्र न्यून कार्यान्वयनको अवस्था रहेको, प्र.अ.लाई विद्यालयको एक्लो जिम्मेवारी दिइएको जस्ता कारणले योजना निर्माण फितलो हुन गई अपेक्षित उद्देश्य हासिल गर्न नसकिने निष्कर्ष उक्त अनुसन्धानात्मक कृतिको रहेको पाइयो (खतिवडा, २०६६) ।

शिक्षक मासिक (२०६६, साउन) का अनुसार शिक्षकले आफूले पढाउने पाठको तयारी गर्दा पाठ्यपुस्तकमा मात्र निर्भर नरही पाठ्य ा र सन्दर्भ पुस्तकका साथै सम्भव भएमा

इन्साइक्लोपेडिया र इलेक्ट्रोनिक मिडियाहरू प्रयोग गर्नु आवश्यक हुन्छ । पाठ्यपुस्तकमा पाठ्यसामग्री नपुग भएमा र क्रम नमिलेमा क्रम मिलाएर शिक्षण योजना बनाउनु पर्छ । शिक्षण गर्दा व्याख्यान विधिमा मात्र केन्द्रित नभई विभिन्न विधिको प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण विधि बनाउन सकिन्छ । शिक्षण योजना बनाउन आवश्यक पर्ने शिक्षण सामग्रीहरूको सूचिलाई पनि महत्व दिनुपर्छ । कक्षाकोठाको वातावरण बाल मैत्रीपूर्ण र प्रजातान्त्रिक बनाउन शिक्षक सधै तत्पर रहनुपर्छ तबमात्र विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारिता सान्दार्भिक र महत्वपूर्ण हुन जान्छ भन्ने दृष्टिकोण लेखकको रहेको पाइन्छ । तर उक्त लेखमा नै उल्लेख गरेअनुसार विद्यालयहरूले व्यवहारिक रुपबाट यस किसिमका कार्यहरू गर्न नसकेको, तत्परता जनाउन नसकेको, इच्छा शक्तिको अभाव, आर्थिक स्रोत, साधनको कमी, जनसमुदायको कम सहभागिता जस्ता समस्याहरू औंल्याएको पाइयो ।

सिंह (२०६५) ले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन नामक (अप्रकाशित) सोधपत्र तयार गर्ने क्रममा विद्यालयहरूमा योजना निर्माण गर्ने कार्यको थालनी भएको, योजना निर्माण अनुसार राखिएका उद्देश्यहरूसन्तोषजनक रहेको, तालिमप्राप्त शिक्षकहरू तुलनात्मक रुपमा कम रहेको तथ्याङ्क प्रस्तुत गरेका छन् । उनले आफ्नो अनुसन्धानात्मक अध्ययनमा सरकारले दिएको बजेट र कार्यक्रमलाई समन्वयात्मक रुपमा जि.शि.का., स्रोतकेन्द्र र विद्यालय बीच छलफल र कायान्वयन हुन नसकेको कुरा प्रस्तुत गरेको छ । साथसाथै योजना निर्माणका क्रममा देखिएका समस्याहरूलाई समाधान गर्न विद्यालय आफैं प्रयासरत रहेको, योजना निर्माणमा सरोकारवालाहरूको सहभागिता कम भएको, ५ प्रतिशत विद्यालयले मात्र योजना निर्माण गर्न सकेको अध्ययन प्रतिवेदनमा देखाइएको छ । अतः यस अध्ययनले नेपालका प्रायः सवै विद्यालयमा विद्यालय सुधार योजना निर्माण गर्न विभिन्न समस्याहरू आइपरेको छ भन्ने समेत पुष्टि गर्न सकिन्छ । यस किसिमका समस्या समाधान गर्न विद्यालय सुधार योजनासँग सम्बन्धित सरोकारवालाहरूको ध्यान राम्रो सँग जानुपर्ने आवश्यक रहेको छ भन्ने कुरा यस सोधपत्रको अध्ययनले स्पष्ट पारेको छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग(२०५५) ले उल्लेख गरेअनुसार नेपालको माध्यमिक शिक्षा सङ्ख्यात्मक विकासतिर लम्केको तर गुणात्मक बृद्धिका दृष्टिकोणले निकै कमजोर भएको पाइन्छ । विद्यालयले शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन नगर्नका कारण सार्वजनिक विद्यालयको गुणस्तर ज्यादै कमजोर देखा परेको छ । विद्यालयहरूले एस.एल.सी. परीक्षामा सफलताको प्रतिशत सन्तोषजनक रुपमा ल्याउन सकेका छैनन् । निजी क्षेत्रका

विद्यालयमा सार्वजनिक विद्यालयलाई छोडी विद्यार्थीहरू अध्ययन गर्न जाने प्रवृति बढेको छ । यसर्थ शिक्षाको विस्तार र गुणस्तर वीच सन्तुलन कायम गर्न शैक्षणिक योजनाको निर्माण कार्यान्वयन हुनुपर्छ । शिक्षाको गुणात्मक विकासका लागि चाहिने असल शिक्षण सिकाई, वातावरण, विद्यालयको व्यवस्थापन, दक्ष तथा समर्पित शिक्षक, सिकाई उत्प्रेरित विद्यार्थी, शैक्षिक तथा भौतिक सामग्रीहरू, शैक्षणिक योजना निर्माणका तत्वहरू आदिको निकै कमी रहेको पाइन्छ । योजना विहिन विस्तार कार्यक्रमले माध्यमिक शिक्षाको चर्को समस्याको रुपमा देखा परेको छ । त्यसैले सरकारले गरेको शैक्षिक लगानी अनुसार प्रतिफल प्राप्त गर्न नसकेको तथ्यहरू औंल्याएको छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि कार्यकलापहरू सुचारु रुपले सञ्चालन गर्ने, आवश्यकता अनुसार सहयोग पुऱ्याउने नीति नियम, विचार, विमर्श र धारणा आदिको संगालोलाई सिद्धान्त भन्ने गरिन्छ । सिद्धान्त अन्तरसम्बन्धित विचार, परिभाषा, तथा मान्यताहरूको समूह पनि हो । जहाँ कुनै पनि परिस्थिति र अवस्थामा रहेका विभिन्न तत्वहरूको व्यवस्थित रुपले सम्बन्ध स्थापना गर्ने र पूर्वानुमान गर्ने गरिन्छ । सिद्धान्तमा सत्य तथ्य तथा वास्तविक तत्वहरू आवश्यकताअनुसार नयाँ नयाँ तौरतरिकाहरू समावेश गरी धारणाहरूको व्याख्या गरिन्छ । त्यसैले प्रस्तुत शोध अध्ययन एफ.डब्लु टेलर (१८५६-१९१७) को सिकाइ सिद्धान्तमा आधारित भई व्याख्या, विश्लेषण र निष्कर्ष समेत निकालिएको छ ।

एफ.डब्लु टेलर (१८५६-१९१७) ले प्रतिपादन गरेको वैज्ञानिक व्यवस्थापन सिद्धान्तअनुसार व्यक्ति/संस्थाको कार्य दक्षता बढाएर उत्पादन बढाउन सकिन्छ । व्यवस्थापनले कार्य प्रति अधिकतम उपलब्धि हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्दछ । कार्य विश्लेषण (Job Analysis) गरी काम तथा कामदार उपर्यूक्त हुनुपर्ने, कार्यको जिम्मा व्यवस्थापकले लिनुपर्ने हुन्छ । जसले गर्दा कार्यसम्पादनमा द्रुतता बढाउन, दक्षता बढाउन, सहयोग र उत्प्रेरणा प्रदान गर्न सफलता मिल्छ । कामदारको कार्य शैलीलाई वैज्ञानिक बनाउनु पर्छ । कामदारलाई तालिम दिनुपर्ने, व्यवस्थापन र कामदारबीच आत्मिय सहयोग सम्बन्ध र सामान्जस्यता स्थापित गर्नुपर्ने हुन्छ भन्ने यस सिद्धान्तको मूल आशय हो (कोइराला, श्रेष्ठ, २०६३ मा उदृत) ।

यस सिद्धान्तका प्रवर्तक एफ.डब्लु टेलर (१९११) हुन । यसलाई प्रस्तुत शोधपत्रको शिर्षकसँग सान्दर्भिक भएकाले सैद्धान्तिक खाकाको रुपमा लिइएको हो । आजको समाज वैज्ञानिक युगमा प्रवेश गरिसकेको छ । समाजलाई वैज्ञानिक रुपबाट अघि बढाउनका लागि शिक्षालाई वैज्ञानिक ढङ्गवाट व्यवस्थापन गर्नुपर्छ । शिक्षकलाई तालिम दिने, दक्षतापूर्वक काम सिकाउने, प्रशासक र शिक्षक तथा कर्मचारीवीच आत्मीय सम्बन्ध बढाउने, सहयोग र सामान्जस्यता कायम गरेर अगाडी बढ्ने, योजनावद्ध र व्यवस्थित कामको थालनीबाट शैक्षिक गुणस्तर वृद्धि गर्न सिकाउने, कामप्रति प्रेरणा जगाएर शिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ । जसले उच्च सिकाई उपलब्धि प्राप्त गर्न सहयो पुगी योजनाले निर्धारण गरेको लक्ष्य  र उद्देश्य प्राप्ति गर्न मद्दत पुग्ने देखिन्छ । तसर्थ योजना निर्माणको व्यवस्थापकीय अवस्थाको वास्तविक स्थिति पहिचान गर्न सहयोग पुग्ने हुनाले यो सिद्धान्तलाई सान्दर्भिक देखिएकाले  टेलर (१९११) को सैद्धान्तिक पक्षको आधारमा यो अध्ययन गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

अध्ययन गरिएका साहित्यहरूबाट यस शोधकार्यलाई दिशानिर्देश भएको छ । अध्ययनका लागि समेटिएको विषयलाई आवश्यक पर्ने गौण सूचनाहरू यसबाट प्राप्त गर्न सम्भव भएको छ । यस क्षेत्रमा उल्लेख्य रुपमा अध्ययन भई छुटै प्रतिवेदन प्राप्त नभएको भएतापनि शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा अध्ययन गर्ने शोधकर्ताहरुबाट सहयोग सुझाव लिइ तयार गरिएको छ । शैक्षित समस्याहरुको खोजी गर्ने क्रममा विद्वानहरुले यस समस्यालाई कुनै न कुनै रुपमा उठाउने गरेको पाइन्छ । समस्याको स्थिति र समाधानको उपायहरुको सम्बन्धमा भने सबैको एउटै धारणा रहेको पाइदैन । विद्यालयलाई एक समाजको शैक्षिक जनशक्ति उत्पादन गर्ने थलोको रुपमा मानिन्छ । विद्यालायलाई एक लघु समाजको रुपमा, सहायक प्रणालीको रुपमा व्यक्त गरेको पनि पाइन्छ।

माध्यमिक शिक्षा राष्ट्रिय शिक्षाका लागि चाहिने मानवीय शक्तिको जग भएकोले माध्यमिक तहमा शैक्षणिक योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शैक्षिक स्तरको उपलब्धिलाई वृद्धि गर्न सरकारले गरेको लगानी चाहे अनुसार सफल हुन सकेको छैन । त्यसैले शैक्षिक स्तरलाई वृद्धि र सुधार गर्न, समाजमा सकारात्मक सोचको विकास गर्न दक्ष

शिक्षक तथा सक्षम विद्यालयको आवश्यकता पर्दछ। विद्यालयले शैक्षणिक योजनाको निर्माणमा आवश्यक पर्ने तत्वहरुको पहिचान गरी कार्यान्वयनमा लैजान अनिवार्य देखिन्छ। कार्यान्वयन गर्दा विद्यालयमा देखा परेका समस्यालाई समाधान गर्न सम्बन्धित सबै सरोकारवालाहरुको भूमिका महत्वपूर्ण रहन्छ।

विद्यालयले कुन-कुन शिक्षण सामग्रीहरु, कुन-कुन विधिहरु, कुन-कुन क्रियाकलापहरु र मूल्याङ्कनहरुको बारेमा जन्नु आवश्यक पर्दछ। उक्त कुराको लागि वार्षिक कार्यतालिका, वार्षिक योजना, साप्ताहिक योजना, एकाइ योजना, पाठयोजनाको निर्माण र व्यवस्थापनको वातावरण अनुकुल बनाउनु पर्दछ। जसको निर्माणबाट शिक्षक र विद्यार्थीले शिक्षण सिकाइमा मापन योग्य उपलब्धिहरु प्राप्त गर्न सक्दछन्।

विद्यालयहरुमा शैक्षणिक योजना निर्माण गरी शिक्षण गरेको कम मात्रमा पाइएता पनि यसलाई विस्तार गरी विद्यलयलाई व्यवस्थित रुपले लैजान शैक्षणिक योजनाको निर्माण र कार्यन्वयनका साथै यसमा देखपरेका समस्यालाई समाधन गर्ने तर्फ सबैको महत्वपूर्ण जिम्मेवारी रहन्छ। शैक्षणिक योजना बनाई यसको प्रभावकारीताको बारेमा समेत सबैले थाहा पाउनुपर्ने आवश्यकता देखिन्छ।

विद्यालयलाई भौतिक सुविधा र वातावरणले पनि आकर्षण गर्दछ। शैक्षिक क्रियाकलाप सञ्चालनमा अनुकुल वातावरण सिर्जना गर्न, बसाईलाई सहज बनाउन, समुदाय तथा अभिभावक सँगको सम्पर्क र मेलमिलाप बढाउन, समुदायको दृष्टिकोणमा समेत सकारात्मक सोच प्रदान गर्न, विद्यालय र शिक्षकले शैक्षणिक योजनाको आधारमा कार्य गर्नुपर्ने देखिन्छ।

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धानका समग्र प्रक्रिया तथा विस्तृत रुप नै अनुसन्धान पद्धति वा अध्ययन विधि हो । अनुसन्धानको प्रस्ताव तयार गर्ने देखि लिएर अध्ययन पूरा गर्दा सम्म गरिने सम्पूर्ण कार्य र प्रक्रियालाई यस खण्डमा संश्लेषण गरी राखिएको छ । यस अध्ययन विधिले अनुसन्धान योजनाको कार्यान्वयन प्रक्रियालाई स्पष्ट गर्छ । त्यसैले अध्ययन विधिलाई अनुसन्धानको मुख्य खण्डको रुपमा लिने गरिन्छ । क्षेत्रगत अध्ययनवाट सूचना सङ्कलन गर्नको लागि परिणात्मक र गुणात्मक दुवै तरिकालाई यस अनुसन्धानको आधार बनाइएको छ । यस अध्ययनमा निर्धारित गरिएका उद्देश्यहरू प्राप्तिका लागि तथ्याङ्क तथा सूचनाहरूसङ्कलन गर्न विभिन्न आधार र पद्धतिको अबलम्बन गरिएको छ ।

## ३.१. अनुसन्धानात्मक ढाँचा

अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, सङ्कलित सूचनाहरूको किसिम जस्ता पक्षहरूमा निर्भर गर्दछ । त्यसैले प्रस्तुत अध्ययनका निर्धारित उद्देश्यहरू परिपुर्ति गर्ने लक्ष्य सहित सीमित स्रोत र साधनको सीमा भीत्र रही गुणात्मक र परिमाणात्मक दुवै अनुसन्धानको ढाँचालाई प्रयोग गरिएको छ । गुणात्मक ढाँचा भित्र प्रधानाध्यापक कक्षा, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको न्युनतम् ज्ञानको परीक्षण तथा उनीहरूमा लुकेर रहेका वास्तविक तथ्यपूर्ण ज्ञानको उजागर गराई गुणात्मक सूचनाहरू लिइएको छ ।  त्यस्तै परिमाणात्मक भित्र माध्यमिक तहमा शैक्षणिक योजना निर्माण र कार्यान्वयनमा आइपरेका समस्याहरूको परिचान र व्यवस्थापकीय अवस्थाका वारेमा स्पष्ट रुपमा खोज तथा अनुसन्धान गरी प्राप्त तथ्याङ्कलाई वर्णनात्मक ढाँचाको माध्यमबाट अनुसन्धानवाट सम्पन्न गरिएको छ ।

## ३.२ जनसङ्ख्या

यस अध्ययनलाई सम्पन्न गर्नका लागि झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सम्पूर्ण माध्यमिक विद्यालयका प्रधानाध्यापक, कार्यरत शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी अध्ययनरत विद्यार्थी, विद्यालयमा निर्माण गरिने/गरिएका शैक्षिक योजना अभिभावक र स्रोतव्यक्ति समेतलाई जनसङ्ख्याको (Universe) को रुपमा लिइएको छ ।

## ३.३. नमूनाको छनौट विधि

यस अध्ययन क्षेत्रको लागि झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरू मध्ये Random Sampling Method बाट ५ वटा माध्यमिक विद्यालयको छनौट गरिएको छ भने यस भीत्र प्रधानाध्यापक स्रोतव्यक्ति, लगायत विषय शिक्षक, विद्यार्थी, व्यवस्थापन समितिका पदाधिकारी समेतको छनौट Purposive Sampling Method बाट छनौट गरी अध्ययनको लागि नमूनाको आकार निर्धारण गरिएको छ । यसलाई देहायको तालिकावाट अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका ३.१ नमूनाको आकार**

| क्र.स. | विवरण | कुल विद्यालय | छनौट विद्यालय |
|---|---|---|---|
| १ | माध्यमिक विद्यालय | १० | ५ |
| २ | प्रधानाध्यापक सङ्ख्या | १० | ५ |
| ३ | शिक्षक सङ्ख्या | १० | ५ |
| ४ | विद्यार्थी सङ्ख्या | १०७ | १० |
| ५ | विद्यालय व्यवस्थापन समिति (अध्यक्ष) | १० | ५ |

स्रोत : विद्यालय तथ्याङ्क प्रथम, २०६९

## क) नमूना छनौटको आधार

अध्ययनकार्यलाई सम्पन्न गर्नका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन कार्यका लागि नमूना क्षेत्रभित्रका छनौटमा परेका विद्यालय लगायत अन्य पक्षहरूको छनौट गर्दा - स्रोत, साधनको सीमितता, तथ्याङ्कको वैधता तथा विश्वसनियता, भौगोलिक आधार (क्षेत्रगत, जातिगत), आर्थिक मितव्ययिता, मानव संसाधनको आधार समेतलाई आधार बनाई नमूना छनौट गरिएको छ ।

## ३.४. अनुसन्धानका साधन

यस अध्ययन कार्यका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका साधनहरू निम्नानुसार छनोट गरी प्रयोग गरिएको छ :

**क) प्रश्नावली :**

कुनै विष्यवस्तुको वारेमा सूचना प्राप्त गर्नको लागि सङ्गठित एवम् क्रमवद्ध रुपमा निर्माण र विकास गरिएको प्रश्नहरूको श्रृङ्खला प्रश्नावली हो (ज.व.रा., श्रेष्ठ र रञ्जितकार, २०६२) । प्रश्नावलीवाट सूचना सङ्कलनका लागि अनुसूचिमा उल्लेख गरिएका प्रश्नावली प्र.अ., शिक्षक र विद्यार्थीहरूवाट सङ्कलन गरिएको छ । यसभित्र खुल्ला र वन्द दुवै किसिमका प्रश्नावली समावेश छन् ।

**ख) अन्तर्वाता तालिका :**

उद्देश्यमूलक ढङ्गवाट अन्तर्वाता लिने र दिने दुवै पक्ष आमने, समने बसेर मौखिक रुपमा आवश्यक सूचना प्रदान गर्नु अन्तर्वाता हो (ज.व.रा., श्रेष्ठ र रञ्जितकार, २०६२) । अन्तर्वातावाट सूचना सङ्कलनका लागि अनुसूचीमा उल्लेख गरिए अनुसारका अन्तर्वाता प्रश्नावली बाट विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायतवाट सूचना सङ्कलन गरिएको छ ।

**ग) अभिलेख अध्ययन :**

यस अन्तर्गत विद्यालयहरूको अभिलेख, विभिन्न प्रकाशित सान्दर्भिक पुस्तक, पत्रपत्रिका, बुलेटिन र स्रोतकेन्द्रवाट प्राप्त विद्यालय रेकर्ड, तथ्याङ्क आदिवाट पनि आवश्यक सूचना सङ्कलन गरिएको थियो ।

## ३.५. तथ्याङकको स्रोत

यस अध्ययनका क्रममा शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउन प्राथमिक र द्वितिय दुवै प्रकारका तथ्याङ्कका स्रोतहरूको प्रयोग गरिएको छ । यस अन्तर्गत :

**क) प्राथमिक स्रोत :-**

प्रश्नावली, अन्तर्वाता प्रश्नावलीको प्रयोग गरी प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरू वाट र विद्यालय व्यवस्थापन समितिका अध्ययक्षवाट सङ्कत्लित सूचना प्राथमिक स्रोत

अन्तर्गत समावेश गरिएको छ। जसका लागि अनुसन्धानकर्ता आफैं नमूना क्षेत्रभीत्र उपस्थिति सूचना सङ्कलन गरिएको छ।

**ख) द्वितीय स्रोत :**

तथ्याङक सङ्कलनका क्रममा द्वितीय स्रोतको रुपमा अभिलेख अध्ययनवाट प्राप्त सूचनालाई लिइएको छ। यसभीत्र विद्यालय, स्रोतकेन्द्र वा जि.शि.का. र अन्य क्षेत्रवाट प्रकाशित लेख रचना तथ्याङ्कहरू समावेश गरिएको छ।

## ३.६. तथ्याङ्कको सङ्कलन र विश्लेषण विधि

प्रस्तुत शोध अध्ययनमा छनोट गरिएका विद्यालयहरूमा अनुसन्धानका साधन प्रश्नावली, अन्तर्वातावाट प्रधानध्यापक, शिक्षक र विद्यार्थीवाट प्रश्नावली गराई तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लगायतलाई अन्तर्वाता प्रश्नावलीको प्रयोग गर्दै आवश्यक सूचना सङ्कलन गरिएको थियो भन्ने प्राप्त अभिलेख अध्ययनवाट समेत आवश्यकीय तथ्याङक सङ्कलन गरिएको छ। त्यसपछि सङ्कलीत तथ्याङकहरूलाई आवश्यकता अनुसार तालिका, ग्राफ, चार्ट, प्रतिशतमा प्रस्तुत गर्दै अनुपात, औषतका आधारमा तथ्याङ्कहरूलाई अलग-अलग रुपमा व्याख्या विश्लेषण गरिएको छ। यसै गरी निर्धारण गरिएका उद्देश्य अनुसार उपर्यूक्त शिर्षकको चयन गरी प्राप्त तथ्याङकलाई सोही शिर्षक भित्र प्रस्तुतीकरण गरी व्याख्या गर्दै साहित्य र सिद्वान्तसँग सम्बन्धित गराँउदै निष्कर्ष निकालिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनमा माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको व्यवस्थापकिय अवस्थाको विश्लेषण गर्न झापा जिल्लाको बुधबारे स्रोतकेन्द्र अन्तर्गत पर्ने १० वटा सामुदायिक विद्यालयहरूमध्ये ५ वटा माध्यमिक विद्यालयको छनौट गरी विद्यालयमा निर्माण गरिने शैक्षणिक योजना निर्माणका तत्व, योजना निर्माणको विश्लेषण, योजना प्रयोगको अवस्था र यसमा देखिएका समस्या र समाधानका उपायहरूको लागि विद्यालयगत तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ। यस अध्ययनलाई खोजमूलक र वस्तुपरक बनाउनको लागि प्रश्नावली, अन्तर्वाता र अभिलेख अध्ययनवाट प्राप्त तथ्याङकको विश्वसनियता र वैधता समेत कायम गराउन कोशिस गरी अध्ययनलाई अगाडी बढाइएको छ।

## ४.१. शैक्षणिक योजना निर्माणको अवस्था

विद्यालयमा गरिने सम्पूर्ण शैक्षिक कार्यक्रमहरू योजना निर्माण गरी सोहि वमोजिम कार्य गर्नाले तोकिएको समयमा आवश्यक पर्ने विविध योजनाहरू निर्माण गरी त्यसलाई सहि ढङ्गवाट कार्यान्वयन गर्ने हो भने यसले शैक्षिक स्तर वृद्धि गर्न महत्वपूर्ण सहयोग पुर्‍याउँछ। कुनै पनि योजनाले लक्ष्य हाँसिल गर्नका लागि दिशानिर्देशको काम गर्दछ, तसर्थ विद्यालयमा सवै प्रकारका योजनाहरू निर्माण गरी कार्यान्वयन गराउनु आवश्यक हुन्छ। विद्यालयमा कुन-कुन योजनाहरू कसरी निर्माण हुँदै आएका छन्, कस-कसको कसरी सहभागिता हुँदै आएको छ, जस्ता प्रश्नहरूको उत्तर खोज्ने नमूना छनौटमा परेका विद्यालयहरूको स्थलगत अध्ययनवाट प्राप्त सूचनाहरूलाई देहायका उपशिर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ।

### ४.१.१. शैक्षणिक योजना निर्माणको अवस्था र उत्तरदाता

शिक्षण सिकाईलाई प्रभावकारी वनाउन शैक्षणिक योजना निर्माण गरिन्छ। यस्तो योजना निर्माणले कक्षा शिक्षणको वातावरणलाई सही मार्ग निर्देशन गर्छ। यसको अभावमा कक्षा शिक्षकको सफलतालाई आशा गर्न सकिदैन। तसर्थ यस अध्ययन क्षेत्रमा लिएको उत्तरदाता शिक्षकवाट शैक्षणिक योजना निर्माण सम्बन्धमा प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।


तालिका ४.१, शैक्षणिक योजना निर्माणको अवस्था र उत्तरदाता, २०६९

| विवरण | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शैक्षणिक योजना निर्माण गरेको | | |
| छ | ४ | ८०.० |
| छैन | १ | २०.० |
| जम्मा | ५ | १००.० |
| शैक्षणिक योजनाको विवरण (निर्माण गरेको छ भन्नेहरूको) | ५ | १००.० |
| बार्षिक कार्यपात्रो | ४ | ८०.० |
| वार्षिक शैक्षणिक योजना | ४ | ८०.० |
| दैनिक पाठयोजना | ३ | ६०.० |
| दैनिक कक्षा शिक्षण तालिका | ५ | १००.० |

स्रोत : प्रश्नावली अन्तर्वाता, २०६९

माथिको तालिका ४.१ लाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा लिइएको कूल विषय शिक्षक उत्तरमध्ये २०.० प्रतिशत शिक्षकले मात्र निर्माण नगरेको पाइयो भने ८०.० प्रतिशत शिक्षकले शैक्षणिक योजन निर्माण गरेको तथ्याङक देखिन्छ, त्यस्तै शैक्षणिक योजना निर्माण गरेको छ भन्ने ४ शिक्षक (८०.० प्रतिशत) मध्ये वार्षिक कार्यपात्रो निर्माण गर्न ५ जना ( १००.० प्रतिशत) वार्षिक शैक्षणिक योजना निर्माण गर्ने ४ जना(८०.० प्रतिशत), एकाई योजना ४ जना (८०.०प्रतिशत) , दैनिक पाठयोजना ३ जना(६०.० प्रतिशत) र दैनिक कक्षा शिक्षण तालिका (रुटिन) ५ जना(१००.० प्रतिशत) ले नै निर्माण गरेको पाइयो । यसवाट के पुष्टि हुन्छ भने विद्यालयहरूले योजना निर्माणप्रति गम्भिरता नदेखाएको जसले गर्दा विद्यालयहरूले आफ्नो लक्ष्य प्राप्त गर्न चुनौति हुने निष्कर्ष निकाल्न सकिन्छ । यसलाई बृत तित्रमा देखाउदा,

चित्र ४.१ शैक्षणिक योजना र उत्तरदाता




## ४.१.२. शैक्षणिक योजना नबनाउनको कारण

शैक्षणिक योजना निर्माणविना प्रभावकारी र अर्थपूर्ण शिक्षण सम्भव छैन । त्यस्तै निर्दिष्ट उद्देश्य प्राप्ति हुन समेत कठिन हुन्छ र शैक्षिक योजना र शैक्षिक कार्यक्रम अन्योलमा पर्न जाने निश्चित देखिन्छ । त्यसै गरी शैक्षणिक योजना निर्माण नगर्नुका पछाडी थुप्रै कारणहरू हुनसक्छन् । अध्ययन क्षेत्रमा पनि शैक्षणिक योजना नबनाउने कारणहरू दिने ५ जना उत्तरदाता शिक्षकका आधारमा प्राप्त तथ्याङ्कलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका ४.२, शैक्षणिक योजना नबनाउने कारण, २०६९

| क.स. | शैक्षणिक योजना नबनाउनुका कारणको आधारमा शिक्षक | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभावले | २ | ४०.० |
| २ | तालिमको अभाव | १ | २०.० |
| ३ | तयारीको लागि पर्याप्त समयको अभाव | २ | ४०.० |
| ४ | पाठको उद्देश्यहरू स्पष्ट नआउनु | ० | ००.० |
| ५ | आवश्यक नठानिएको | ० | ००.० |
| जम्मा | | ५ | १००.० |

स्रोत :-स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ४.२ लाई विश्लेषण गर्दा कुल उत्तरदाता ५ जना शिक्षकमध्ये २० जनाले शैक्षणिक योजना निर्माण नगर्नुको कारण पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभावले २१ जना (२०.० प्रतिशत) ले तयारीको लागि प्रसस्त समयको अभावले २ जना (४०.० प्रतिशत) ले भन्ने तथ्याङ्क प्राप्त भएको देखिन्छ। यसवाट के पुष्टि हुन्छ भने सरकारले जतिसुकै लगानी शिक्षा क्षेत्रमा गरेता पनि त्यो अपुग नै हुने स्पष्ट हुन जान्छ।
यसलाई तलको स्तम्भ चित्रमा देखाउँदा,

चित्र ४.२, शैक्षणिक योजना नबनाउनुको आधारमा शिक्षक




## ४.१.३. पाठयोजना निर्माणको आधार

विद्यालयको शैक्षणिक योजना पाठयोजना अनुसार निश्चित समयमा र समयको सदुपयोग गर्न एक शैक्षिक सत्र भित्रमा कक्षा शिक्षण पूरा गर्न पाठयोजनालाई महत्वपूण मानिन्छ। पाठयोजनाको निर्माणले शिक्षणका लागि चाहिने आधारभूत कुराहरू जस्तै : उद्देश्य, शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप, मूल्याङ्कन, गृहकार्य जस्ता महत्वपूर्ण पक्षहरू पाठयोजनामा उल्लेख गरिने हुँदा शिक्षण व्यवस्थित तरिकाले प्रभावकारी र अर्थपूर्ण तरिकावाट सम्पन्न गर्न सघाउ पुऱ्याउने मुख्य कार्य पाठयोजनालाई लिइन्छ। यस्तो हुँदाहुँदै पनि यस अध्ययन क्षेत्रमा बहुसङ्ख्यक शिक्षकले

पाठयोजनाको निर्माण विना नै शिक्षण गरेको तथ्याङ्क पाइयो जुन तलको तालिकावाट स्पष्ट हुन्छ ।


तालिका ४.३, पाठयोजना निर्माणको अवस्था र आधार

| पाठयोजना निर्माण गरेको अवस्था | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | ३ | ६०.० |
| छैन | २ | ४०.० |
| जम्मा | ५ | १००.० |
| पाठ्यक्रमको आधारमा | १ | २०.० |
| पाठ्यपुस्तकको आधारमा | १ | २०.० |
| विष्यवस्तुको प्रकृतिर स्वरुपको आधारमा | १ | २०.० |
| शिक्षक निर्देशिकाको आधारमा | १ | २०.० |
| अन्य (अध्यापन सामग्रीको आधारमा) | १ | २०.० |
| जम्मा | ५ | १००.० |

स्रोत :-प्रश्नावली र अन्तर्वाता, २०६९

माथिको तालिका ४.३ लाई अध्ययन र विश्लेषण गर्दा कुल ५ जना उत्तरदाता शिक्षकहरूबाट पाठयोजना निर्माण सम्बन्धी जानकारी लिंदा शिक्षण गर्नु पाठयोजना निर्माण गरेर पढाउने शिक्षक ३ जना अर्थात ६०.० प्रतिशत पाइयो  भने पाठयोजना विना नै शिक्षण गर्ने शिक्षक २ जना अर्थात ४०.० प्रतिशत पाइयो । त्यस्तै गरी पाठयोजना निर्माण गर्ने कुल ३ जना शिक्षकहरूले पाठयोजनाको निर्माणको आधारहरू पाठ्यक्रमको आधारमा १ जना (२०.० प्रतिशत), पाठ्यपुस्तकको आधारमा १ जना (२०.० प्रतिशत), विषयवस्तुको प्रकृति र स्वरुपको आधारमा, शिक्षक निर्देशिकाको आधारमा र अन्य अध्यापन सामग्रीको आधारमा समेत पाठयोजना निर्माण गर्ने गरेको प्रश्नावली र अन्तर्वाताको क्रममा पाइयो । यसले के स्पष्ट हुन्छ भने शिक्षण योजना निर्माण गर्न अहिले तयारी हैन जसले शिक्षण विना योजना नै गर्ने गरेको छ उक्त तथ्याङ्कलाई तलको वृतचित्रवाट पनि देखाउन सकिन्छ ।

चित्र ४.३ पाठयोजना निर्माण गरेको अवस्था




## ४.१.४. शैक्षिक सामग्रीको निर्माण र प्रयोग

शैक्षिक सामग्री शिक्षण सिकाइको महत्वपूर्ण साधन तथा अति आवश्यकीय साधन भएकाले त्यसको निर्माण र प्रयोग गर्ने कार्य शिक्षणमा संलग्न पक्षको अति आवश्यकीय कार्य हो । शैक्षिक सामग्री सकेसम्म स्थानीय स्रोत र साधन उपयोग गरी विद्यार्थीको संलग्नतामा निर्माण गर्ने र भएका शैक्षिक सामग्रीलाई पनि उचित ढङ्गले पाठ्यवस्तुको आधारमा उचित प्रयोग गरी अध्यापन गरिएमा मात्र निर्दिष्ट शैक्षणिक उद्देश्य हासिल गर्न सफल हुने कुरा निश्चित छ । शैक्षिक जगतका प्रख्यात नारा “मैले सुने भने विर्सन्छु, हेरे भने केही सम्झन्छु र गरे भने बुझ्दछु” को आधारलाई मध्यनजर गर्दा, देख्ने र विद्यार्थीले स्वयं गर्नेगरी सिकाई गराउदा प्रभावकारी शिक्षण हुन जान्छ (श्रेष्ठ, २०५९) । त्यस्तै सन्दर्भमा शिक्षाविद् कोवुनको धारणा अनुसार ८० प्रतिशत सिकाई सूचनाको प्रवाहवाट देखेर वा देख्ने शैक्षिक सामग्री प्रयोगको आधारमा” ज्यादै प्रभावकारी शिक्षण हुन्छ भन्ने कुरा स्पष्ट हुन जान्छ (शर्मा, २०५६) । अत : यस अध्ययन क्षेत्रका कतिपय विद्यालयहरूमा शैक्षिक सामग्री भएका वा नभएका शिक्षकले प्रयोग गरेका वा नगरेका शैक्षिक सामग्रीहरू बनाउने र प्रयोग गर्ने सम्बन्धमा के कस्तो अवस्था रहेछ भन्ने तथ्य पत्ता लगाउन गरिएको खोजवाट प्राप्त तथ्यहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.४ , शैक्षिणिक सामग्रीको निर्माण र प्रयोगको अवस्था

| निर्माण र प्रयोगको अवस्था | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निर्माण र प्रयोग दुवै गर्छ | २ | ४०.० |
| निर्माण गर्दिन तर उपलब्ध सामग्री प्रयोग गर्ने | २ | २०.० |
| पाठको प्रकृति हेरेर आवश्यक कार्य गर्दछु | २ | ४०.० |
| जम्मा | ५ | १००.० |

स्रोत :-स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ४.४ लाई अध्ययन र विश्लेषण गर्दा कुल उत्तरदाता शिक्षकहरू मध्ये पाठको प्रकृति हेरेर आवश्यक मात्रामा शैक्षिक सामग्रीको निर्माण सङ्कलन र प्रयोग गर्ने शिक्षक २ जना (४०.० प्रतिशत) छन् भने निर्माण गर्ने तर भएकालाई प्रयोग गरिदिने शिक्षक सङ्ख्या १ जना (२०.० प्रतिशत) रहेका छन् । त्यसैगरी  आफूले शैक्षिक सामग्रीको निर्माण गर्ने र प्रयोग गर्ने सङ्ख्या २०.० प्रतिशत रहेका छन् । यसले के स्पष्ट हुन्छ भने विद्यालयमा शैक्षणिक योजनाको प्रभावकारी उपयोग हुन नसके र शैक्षिक गुणस्तर कायम गर्न समेत कठिन हुने देखिन्छ ।

## ४.१.५. शैक्षणिक योजना र शिक्षकहरूको योग्यता

योग्य, दक्ष, तालिम प्राप्त र योग्यता पुगेको व्यक्तिवाट मात्र उच्चतम उपलब्धिको आशा राख्न सकिनछ । त्यस्तै गरी विद्यार्थीको भविष्य सुनिश्चित गर्न कक्षाकोठा भित्र अध्यापनका लागि उपस्थित शिक्षक पनि एउटा व्यवस्थित योजना अनुसार नियुक्ति, दरबन्दी, तालिमको आधारमा हुनुपर्छ । त्यसैले नमूना जनसङ्ख्या भित्र छनौटमा परेका विद्यालयहरूमा शिक्षकको योग्यता, क्षमता तालिमको अवस्थाको जानकारी लिन गरिएको स्थलगत अध्ययनवाट प्राप्त सूचनाहरूलाई निम्न तालिकामा देखाइएको छ :


तालिका ४.५, शिक्षकको योग्यता र तालिमको विवरण

| योजना र तालिमको विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सम्बन्धित क्षेत्रमा योग्यता पुगेका र तालिम प्राप्त शिक्षक | ३ | ६०.०० |
| सम्बन्धित क्षेत्रमा योग्यता पुगेका र तालिम अप्राप्त शिक्षक | २ | ४०.० |
| सम्बन्धित क्षेत्रमा तर तल्लो तहका योग्यता पुगेका | ०० | ००.० |
| सम्बन्धित क्षेत्र भन्दा बाह्य र योग्यता पनि नपुगेका शिक्षक | ०० | ००.० |
| जम्मा | ५ | १००.० |

स्रोत :-स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ४.५ लाई अध्ययन र विश्लेशण गर्दा अध्ययन क्षेत्रमा परेका विद्यालयमा शैक्षणिक योजना निर्माण अनुसार अध्यापन गराउने शिक्षकहरू मध्ये सम्बन्धित क्षेत्रका योग्यता पुगेका र तालिम प्राप्त शिक्षक ३ जना अर्थात ६०.०० प्रतिशत रहेको पाइयो भने सम्बन्धित क्षेत्रमा योग्यता पुगेका तर तालिम अप्राप्त शिक्षक सङ्ख्या २ जना वा ४०.० प्रतिशत रहेको पाइयो । त्यसै गरी सम्बन्धित क्षेत्रका तर तल्लो तहका योग्यता पुगेका र बाह्य र योग्यता पनि पुगेका शिक्षक सृख्या न्यून अर्थात नभएको ०.० प्रतिशत रहेको पाइयो । यसले के स्पष्ट हुन्छ भने शिक्षण प्रभावकारी हुन जाने कुरामा समस्या पर्न जाने देखिन्छ । उपर्यूक्त तथ्याङ्कलाईचित्रगत रुपमा समेत प्रस्तुत गरिएको छ ।

चित्र ४.४ शिक्षकको योग्यता तथा तालिमको विवरण



### ४.१.६. शैक्षणिक योजना निर्माण र कार्यान्वयन

विद्यालय भनेको समाज तथा समुदायको आवश्यकता पूर्ति गर्न र वालवालिकाको चौतर्फी विकासको लागि अध्ययन अध्यापनार्थ स्थापना गरिएको शैक्षिक मन्दिर हो । समुदाय भन्नाले सवै किसिमका मानिसहरू मिलेर बनेको ठूलो समूह हो । अत : विद्यालयमा समुदाय र अभिभावकको सम्बन्ध र सहयोग नितान्त अवश्यक छ (श्रेष्ठ, २०५९) । यसरी हेर्दा विद्यालयमा समुदायको सामाजिक शैक्षिक संस्था हो । यो संस्था सञ्चालन गर्न अभिभावकको ठूलो भूमिका हुन्छ । अभिभावकहरूले विद्यालयलाई प्रत्यक्ष निगरानी, विद्यालय व्यवस्थापनमा सहयोग, विद्यालयको योजना, सङ्गठन, नियन्त्रण र निर्देशन गर्न सकेमा विद्यालयमा सकारात्मक परिवर्तन आउन सक्छ । जुन पिरिवर्तनले समुदाय तथा राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक र शैक्षिक क्षेत्रमा पनि परिवर्तन ल्याउन मद्दत गर्छ । त्यसैले विद्यालय सञ्चालन गर्न अभिभावक र समुदाय एक मुख्य कारक तत्व हुन । यसै तथ्यलाई ध्यानमा राखी यस अध्ययन क्षेत्रमा रहेका विद्यालयहरूमा समुदाय र अभिभावकले विद्यालयमा गरेको सहयोग सम्बन्धलाई बुझ्न उत्तरदाता, प्रधानाध्यापक सँग गरिएको छलफलवाट प्राप्त तथ्याङ्कलाई निम्न अनुसारको तालिकामा देखाइएको छ :

तालिका ४.६, विद्यालयसँग सम्बन्धित समुदाय र अभिभावकको सहयोग

| सहयोगको अवस्था | प्र.अ. सङ्ख्या | प्रतिशत |
|---|---|---|
| प्रत्यक्ष निगरानी र विद्यालय व्यवस्थापनमा सहयोग | २ | ४०.० |
| विद्यालयमा प्रोत्साहनमुलक र रोचक वातावरणको सृजना | १ | २०.० |
| विद्यालयको सङ्गठन, योजना, निर्देशन र नियन्त्रणमा सहयोग | १ | २०.० |
| विद्यालयको व्यवस्थापनमा सहयोग र निगरानी | १ | २०.० |
| जम्मा | ५ | १००.० |

स्रोत :-स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ४.६ लाई अध्ययन र विश्लेशण गर्दा विद्यालयसँग सम्बन्धित समुदाय र अभिभावक सहयोगको अवस्थालाई हेर्दा कुल उत्तरदाता प्रधानाध्यापकहरू मध्ये २ जना (४०.० प्रतिशत) ले समुदाय र अभिभावकले विद्यालयलाई प्रत्यक्ष निगरानी र सहयोग गरेको देखिन्छ भने वाँकी १/१ जना (२०.०

प्रतिशत), प्र.अ. को विचारमा विद्यालयमा प्रोत्साहनमुलक र रोचक वातावरण तथा विद्यालयको कार्यमा सहयोग र व्यवस्थापनमा निगरानी समेत राख्ने गरेको धारणा व्यक्त गरेका छन् । यसलाई चित्रगत रुपमा प्रस्तुत गर्दा

## ४.२. शैक्षणिक योजना निर्माणका तत्व र अवस्था

विद्यालय शैक्षणिक योजनाको सफल निर्माण र कार्यान्वयन सँगसँगै विद्यालयको प्रभावकारिता देखिन्छ । यसका लागि विभिन्न तत्वहरूले प्रभावित गरिरहेको छ । यसै सन्दर्भमा शैक्षणिक योजना निर्माण सँगसँगै कस्ता तत्वहरू आवश्यक हुन्छन् ? विद्यालयहरूमा के के तत्वलाई मुख्य आधार मानी योजना निर्माण गर्ने गरेको छ, त्यसको के अवस्था रहेछ भनी नमूना विद्यालयमा गरिएको खोज तथा अनुसन्धानवाट
प्राप्त सूचनाहरूलाई देहायका उपशिर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ४.२.१. शैक्षणिक योजनाका तत्व

यस अध्ययन क्षेत्रमा समावेश गरिएका उत्तरदाता प्र.अ.हरूको जवाफका आधारमा शिक्षण योजनाका तत्वहरूको पहिचान र अवस्था सम्बन्धी लिइएको प्राप्त तथ्याङ्कलाई तलको तालिकावाट प्रष्ट गरिएको छ ।

तालिका ४.७, शैक्षणिक योजना निर्माणका तत्वहरू र अवस्था

| विवरण पक्ष | छ | | छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| विद्यालयको वार्षिक कार्ययोजना | ५ | १००.० | | | ५ | १००.० |
| कक्षा शिक्षकले आफूले पढाउने विषयको योजनाको जानकारी | ५ | १०० | | | ५ | १००.० |
| एकाइ योजनाको तयारी | ३ | ६० | २ | ४० | ५ | १००.० |
| कक्षा शिक्षकलाई हरेक पाठका साधारण र विशिष्ट उद्देश्यको स्पष्टता | ३ | ६० | २ | ४० | ५ | १००.० |
| वार्षिक योजनामा शिक्षण सामग्री, शिक्षण विधि क्रियाकलाप र मूल्याङ्कन आदिको स्पष्टता | ३ | ६० | २ | ४० | ५ | १००.० |
| कक्षा शिक्षकद्वारा निर्मित वार्षिक योजना र विद्यालयको वार्षिक योजनामा तालमेल | ३ | ६० | २ | ४० | ५ | १००.० |

स्रोत : प्रश्नावली र अन्तवार्ता, २०६९

तालिका नं. ४.७ माथि व्याख्या तथा विश्लेषण गर्न विद्यालयका शिक्षककहरूले बनाउने योजनाको अवस्था सम्बन्धी विषयमा उत्तरदाता प्र.अ.हरूसँगै लिइएको तथ्याङ्कलाई आधार मान्दा आफ्नो द्यिालयमा विद्यालयको वार्षिक कार्ययोजना (१०० प्रतिशत) सबै विद्यालयमा भएको पाइन्छ। त्यस्तै गरी उत्तरदाता प्र.अ.मध्ये ६०.० प्रतिशत प्र.अ.ले कक्षा शिक्षककहरूमा हरेक पाठका साधारण र विशिष्ट उद्देश्यको स्पष्टता रहेको पाइन्छ भने ४०.० प्रतिशत शिक्षकलाई विषयको स्पष्टता नरहेको अवस्था पाइएको छ।

त्यस्तै उत्तरदाता प्र.अ.मध्ये ६०.० प्रतिशत प्र.अ.ले वार्षिक योजनाका शिक्षण सामग्री, शिक्षण विधि क्रियाकलाप र मूल्याङ्कन आदिको स्पष्टता भएको र ४०.० प्रतिशतले नभएको भन्ने पाइएको छ त्यस्तै उत्तरदाता प्र.अ.हरूले निर्मित गरेको योजना विद्यालयसँग तालमेल भएको भन्ने ६०.० प्रतिशत र छैनन् भन्ने ४०.० प्रतिशत रहेको पाइएको छ। त्यसैले विद्यालयको सिकाइ उपलब्धिलाई प्रभावकारी रुपले लैजान प्रस्तुत तालिका अनुसार शिक्षकलाई तालिम दिनुपर्ने अवस्था देखिन्छ।

## ४.२.२ अध्ययन क्षेत्रमा उपलब्ध पाठ्य सामग्रीहरू

निर्दिष्ट गरिएका शिक्षण सिकाइका उद्देश्यहरू प्राप्त गर्न पाठ्य सामग्रीहरूको ज्यादै ठूलो स्थान रहेको हुन्छ। नेपालको परिवेशमा कतिपय शिक्षकहरूले पाठ्य सामग्री भननाले पाठ्यपूतकलाई मात्र बुझ्ने गरेको पनि पाइन्छ भने कतिले पाठ्यसामग्रीको नाम मात्र सुनेको तर कहिल्यै नदेखेको तथा प्राप्त गर्न नसकेको गुनासो पनि गरेको सुनिन्छ। यस अध्ययन क्षेत्रमा शैक्षणिक योजना अनुसार शिक्षण गर्ने शिक्षकलाई उपलब्ध भएका पाठ्यसामग्रीहरू र शिक्षणको अवस्थालाई निम्न तालिका वाट प्रष्ट पार्न सकिन्छ।

तालिका ४.८, अध्ययन क्षेत्रमा उपलब्ध पाठ्य सामग्रीहरू र शिक्षक

| पाठयसामग्री | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पाठ्यपुस्तक मात्र | १ | २०.० |
| पाठ्यक्रम र पाठ्यपुस्तक | १ | २०.० |
| शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यपुस्तक र अन्य सहयोगी सामग्रीहरू | २ | ४०.० |
| शिक्षक निर्देशिका | १ | २०.० |
| जम्मा | ५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका ४.८ अध्ययन र विश्लेषण गर्दा कुल उत्तरदाता शिक्षकहरू मध्ये ४०.० प्रतिशतसँग शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सहयोगी सामग्री उपलब्ध भएको जानकारी प्राप्त भएको छ भने २०.० प्रतिशत पाठ्यक्रम र पाठ्यपुस्तक मात्र, त्यसैगरी २०.० प्रतिशत शिक्षकसँग शिक्षक निर्देशिका र पाठ्यपुस्तक मात्र र २०.० प्रतिशत शिक्षकसँग पाठ्यपुस्तक मात्र भएको छ । शैक्षिक सामग्री र प्रयोगबाट शैक्षणिक योजनाको प्रभावकारितामा प्रभाव पार्ने हुनाले उपलब्ध शैक्षिक सामग्रीको राम्रो प्रयोग गर्नुपर्ने देखिन्छ ।

### ४.२.३. विद्यालयगत शैक्षिक सामग्रीको विवरण

नेपाल अति गरिब मुलुकहरूको समुहमा पर्ने देश हो र नवौं योजनाको अन्तिम विवरण अनुसार यहाँका ३२.० प्रतिशत जनताहरू निरपेक्ष गरिबीको रेखामुनि बाँच्न वाध्य छन् । एकातिर राज्यको गरिबी अर्कोतिर मुख्य आधारभूत आवश्यकताको परिपुर्ति गर्नतिर राज्यले बढी खर्च गर्नुपर्ने बाध्यताले शिक्षा क्षेत्रमा अपेक्षित रुपमा लगानी गर्न सकिराखेको स्थिति पाइँदैन भने अर्कोतिर दक्ष तथा उत्पादनशील जनशक्ति तयार गर्न राज्यले स्तरयुक्त र गुणस्तरीय शिक्षाको नारा बनाउने र गाउने गरेको मात्र देखिन्छ तर व्यवहारिक पक्षमा परिवर्तन गर्न सकेको स्थिति छैन । त्यसैले शिक्षाको गुणस्तर उकास्न पर्याप्त मात्रामा विद्यालयमा शैक्षिक सामग्रीहरू हुनु आवश्यक छ । यसै सन्दर्भमा वि.व्या.स.का अध्यक्ष तथा शिक्षाविद् भन्नुहुन्छ, सामान्यतया विद्यालयमा भुगोलका नक्सा र इतिहासका फोटा बाहेक अन्य शिक्षण सामग्रीको प्रयोग भएको पाइएको छैन । यस अध्ययन क्षेत्रमा परेका विद्यालयहरूमा भएका शैक्षिक सामग्रीहरूको स्थिति पनि माथि उल्लेख गरिएको भनाइसँग मिल्दोजुल्दो देखिन्छ । यसरी विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीहरूको विवरण थाहा पाउन उत्तरदाता प्र.अ. सँग लिइएको उत्तरको आधारमा प्राप्त विवरणलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका ४.९ विद्यालयगत शैक्षिक सामग्री विवरण

| क.स. | विद्यालयको नाम | शैक्षिक सामग्रीहरूको विवरण |
|---|---|---|
| १ | श्री गढीगाउ उच्च मा.वि. | शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यवस्तु, ग्लोब, नक्शा र चार्ट, महाँदेशका नक्शाहरू र शहीदका फोटाहरू |
| २ | श्री शान्ती आदर्श उच्च मा.वि. | ग्लोब, नक्शाहरू, शहीदका नक्शाहरू र साहित्यकारका फोटाहरू |
| ३ | श्री बुद्ध आदर्श उच्च मा.वि. . | ग्लोब, नक्शाहरू, एटलस विश्वमानचित्र, महाँदेशका नक्शाहरू, साहित्यकारका फोटाहरू, शिक्षक निर्देशिका |
| ४ | श्री  गणेश मा.वि. | ग्लोब, नक्शाहरू, शहीदका फोटाहरू र पाठ्यक्रम |
| ५ | श्री सरस्वती बालकल्याण मा.वि | नक्शा, चित्र, ग्लोव, पोष्टर, पत्रपत्रिका, चार्ट, साहित्यकारका फोटाहरू |

स्रोत :- विद्यालयको तथ्याङ्क प्रथम,२०६९

माथिको तालिका ४.९ लाई अध्ययन र विश्लेषण गर्दा शैक्षिक सामग्री विना शिक्षण अर्थहीन हुने भएकोले प्राय : जसो विद्यालयमा नक्शा र ग्लोव र साहित्यकारको फोटो र चार्ट मात्र रहेकोपाइन्छ । केही विद्यालयहरूमा भने नेपाल तथा विश्वको नक्शाहरू, एटलस, ग्लोव तथा चार्टहरू, शिक्षक निर्देशिका, विश्वमानचित्र,
पाठ्यक्रम साथै सन्दर्भसामग्रीहरू समेत भएको पाइन्छ । त्यसैले प्रभावकारी शिक्षणका लागि आवश्यक सामग्रीहरू सबै विद्यालयहरूमा हुनुपर्ने देखिन्छ ।

## ४.२.४. शैक्षिक सामग्रीको उपलब्धता

शिक्षण सिकाइमा शैक्षिक सामग्रीको आफ्नो किसिमको विशेष महत्व हुने गर्दछ । शैक्षिक सामग्रीको प्रयोगबाट मात्र सिकाइ दिगो र अर्थपूर्ण हुन्छ । तर नेपालको वर्तमान अवस्थामा शैक्षिक सामग्री त के पाठ्यपुस्तक सम्म पर्याप्त रुपमा सबै ठाउँमा उपलब्ध हुन सकेको छैन (घिमिरे, २०६०) । शैक्षिक सामग्रीहरू त्यस्ता हुनुपर्दछ जुन उद्देश्यलाई पूर्णता दिने खालका, साधारण, सस्तो, आधुनिक, सजिलै प्राप्त गर्न सकिने, विद्यार्थीको मानसिक तहसँग मिल्ने र अभिरुची जगाउने खालको हुनुपर्दछ । यी उल्लेखित कुराहरू अनुसारका शैक्षिक सामग्री उपलब्ध गराई शिक्षकले शिक्षण गर्न सकेको छ वा छैन ? छैन भने के कारणले छैन भन्ने अवस्था र धारणालाई उपलब्ध प्राथमिक तथ्याङ्कको आधारमा स्थानीय स्रोतमा आधारित सामग्री ५०.० प्रतिशत बजारमा किनेको सामग्री १५.० प्रतिशत र तालिमको अभाव र आर्थिक अभावका कारणले १८.० प्रतिशत भएको तथ्याङ्कबाट थाहा हुन्छ ।

### ४.२.५. शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरू

सिकाइ उपलब्धि हासिल गर्न र प्रत्येक क्षेत्रले प्रदान गर्न खोजेको ज्ञान, सीप, अभिवृद्धि प्राप्त गर्नका लागि प्रभावकारी शिक्षण र शिक्षणविधिहरूमा निर्भर रहन्छ। विधिको छनोट गर्दा विषयवस्तुको प्रकृति, उद्देश्य, विद्यार्थीको रुची, क्षमता, आवश्यकता, शिक्षकको ज्ञान, सीप, र क्षमता आदिको आधारमा छनोट गरी तीनलाई प्रयोगमा ल्याउनुपर्दछ। खास गरी सिकाई उपलब्धिहरू सहज र सरल ढङ्गले प्राप्त गराउने प्रक्रिया वा बाटोलाई नै शिक्षण विधि भनिन्छ। यस अध्ययन क्षेत्रमा शिक्षकले कक्षा शिक्षणमा बढि मात्रामा प्रयोगमा ल्याउने विधिहरूबारे प्राप्त प्राथमिक तथ्याङ्कबाट प्राप्त सूचनालाई ४.१० तालिकामा राखि स्पष्ट पारिएको छ।

तालिका ४.१० कक्षा शिक्षणमा बढी प्रयोगमा ल्याउने विधिहरूको आधारमा शिक्षक,

| विधिहरू | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर | ३ | ६०.० |
| व्याख्यान, छलफल प्रदर्शन, प्रश्नोत्तर र प्रयोगात्मक | १ | २०.० |
| छलफल, खोज तथा अनुसन्धान, समस्या समाधान | १ | २०.० |
| विद्यार्थी केन्द्रित प्रश्नोत्तर र भूमिका अभिनय | ० | ०.० |
| प्रवचन, आगमन, निगमन, स्थल भ्रमण नक्शा अध्ययनबाट | ० | ०.० |
| जम्मा | ५ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

तालिका ४.१० ले यो स्पष्ट देखाउँछ कि कक्षा शिक्षण गर्दा शिक्षकले बढी प्रयोगमा ल्याउने विधिहरू व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर विधि रहेको पाईयो। यी विधि प्रयोग गर्ने शिक्षकहरू कुल शिक्षकको ६०.० प्रतिशत रहेको देखिन्छ। यस्तै २०.० प्रतिशत शिक्षकले व्याख्यान, छलफल, प्रदर्शन, प्रश्नोत्तर, र प्रयोगात्मक विधि प्रयोग गरेको पाइयो भने भूमिका अभिनय, आगमन, निगमन, स्थल भ्रमण, नक्शा अध्ययन, समस्या समाधानजस्ता विधिहरू प्रयोगमा नभएको पाइन्छ। त्यसैले प्रभावकारी शिक्षण गर्नका लागि उपयुक्त स्थलगत भ्रमण, खोज र नक्सा अध्ययन जस्ता विधि प्रयोगमा ल्याउनुपर्ने देखिन्छ।

## ४.३. कक्षा शिक्षणमा शैक्षणिक योजना प्रयोगको अवस्था

अध्ययन क्षेत्रमा परेका विद्यालयहरूमा शैक्षणिक योजना प्रयोगकोअवस्थालाई निम्नानुसारका उपशिर्षकमा देखाइएको छ ।

### ४.३.१. विद्यालयमा कक्षा शिक्षण र मूल्याङ्कन

पाठ्यक्रमले निर्धारित गरेका उद्देश्यहरू प्राप्त गर्न शिक्षक पाठ्यवस्तुलाई प्रभावकारी ढङ्गले कक्षा शिक्षणमा विभिन्न विभिन्न शिक्षण विधिको प्रयोगगरीविद्यार्थीहरूलाई विषयवस्तुको ज्ञान,सिप र अभिवृद्धिको विकास गराउने काम गरिन्छ । कक्षा शिक्षण गर्दा शिक्षण क्रियाकलाप विद्यार्थीको अवस्थालाई दृष्टिगत गरी विद्यार्थी केन्द्रित शिक्षण गर्नु पर्दछ । किन भने विद्यार्थी नै शिक्षण सिकाइका केन्द्रविन्दु हुन र उनीहरूको सहभागिता र सकृयता अनिवार्य हुन्छ । जसबाट सिकाइको उपलब्धी हासिल गर्न सजिलो पर्दछ । क्रियाकलाप निर्धारण गर्दा विद्यार्थी सहभागितालाई जोड दिनुपर्ने र कक्षा शिक्षण गर्दा विद्यार्थीलाई सक्रय गराई सिकाइ उपलब्धी हासिल गर्न विभिन्न विधिको प्रयोग गर्नु पर्दछ । कक्षा शिक्षण गर्दा विद्यार्थीको उमेर, परिपक्वता, क्षमता, पूर्व अनुभव र पाठप्रतिको आकर्षण आदिलाई ध्यान दिनुपर्दछ । त्यस्तै विद्यार्थीलाई सिकाइने विषयवस्तुको स्वरुप र प्रकृति हेरेर शिक्षण सिकाई गर्नु राम्रो मानिन्छ । यसरी कक्षा शिक्षण पश्चात स्पष्ट रुपले किटान गरिएका उद्देश्यहरू पूरा भए कि भएनन् भनेर लेखाजोखा गर्ने मूल्याङ्कन भनिन्छ । अर्थात विद्यार्थीको लेखाजोखा गर्नु मूल्याङ्कन हो विद्यार्थीमा आशा गरिए अनुसार ज्ञान, सिप र धारणाको विकास भए नभएको जानकारी लिनु नै मूल्याङ्कन मूल्याङ्कन हो । मूल्याङ्कन हरेक शिक्षण सिकाइमा क्रियाकलाप सँगसँगै आवश्यकताअनुसार समय-समयमा गरिनु पर्दछ । मूल्याङ्कन प्रक्रियामा कुनै पनि समयमा मूल्याङ्कनका विभिन्न माध्यमहरू लिखित, मौखिक, प्रश्नोत्तर अवलोकन अदिबाट मूल्याङ्कन गरिन्छ । त्यस्तै कक्षा शिक्षणमा मूल्याङ्कन कार्य गर्दा निर्माणात्मक मूल्याङ्कनलाई प्रयोगमा ल्याउनु पर्दछ किनकि यस मूल्याङ्कनले विद्यार्थीलाईसमयमै सुधार गर्ने अवसर दिन्छ भने शिक्षकलाई पनि शिक्षण विधि र शैक्षिक सामग्रीमा आवश्यक परिवर्तन गरी शिक्षण प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । यसकारण यस अनुसन्धानमा पनि अध्ययन क्षेत्रमा लिइएका उत्तरदाता शिक्षकहरूलाई कक्षा शिक्षण पश्चात् अन्त्यमा विद्यार्थीको मूल्याङ्कन गर्ने नगर्ने र मूल्याङ्कन गरिएमा कस्तो प्रकारको मूल्याङ्कन

गर्ने हो भन्ने मूल्याङ्कन स्थिति र अवस्थालाई प्राप्त प्राथमिक तथ्याङ्कको आधारमा तलको तालिका नं. ४.१५ बाट स्पष्ट पारिएको छ ।

तालिका ४.११ : कक्षा शिक्षणको अन्त्यमा शिक्षकद्वारा गरिने विद्यार्थी मूल्याङ्कन कार्यको स्थिति

| मूल्याङ्कनको स्थिति | शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|
| गर्छु | ५ | १००.० |
| गर्दिन | ० | ० |
| जम्मा | ५ | १००.० |
| निर्माणात्मक मूल्याङ्कन (कक्षाकार्य, गृहकार्य, हाँजिरी जवाफ, एकाइ परीक्षा, निरीक्षक) | ३ | ६०.० |
| मौलिक परीक्षा (पश्नोत्तर विधि) | २ | ४०.० |
| निदानात्मक परीक्षा (अवलोकन विधि, मनोवैज्ञानिक परीक्षा) | ० | ० |
| जम्मा | ५ | १००.० |
| उत्तरदाता विद्यार्थीको मूल्याङ्कनको अवस्था | विद्यार्थी सङ्ख्या | |
| मूल्याङ्कन गर्न हुन्छ | ६० | ६०.० |
| मूल्याङ्कन गर्नुहुन्न | ४० | ४०.० |
| जम्मा | १०० | १००.० |

स्रोत :- स्थलगत सर्वेक्षण, २०६९

उपरोक्त तालिकालाई अध्ययन र विश्लेषण गर्दा शिक्षकले कक्षा शिक्षण गरिसकेपछि अन्त्यमा सतप्रतिशत शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा ६०.० प्रतिशत शिक्षकले निर्माणत्मक मूल्याङ्कन जस भित्र कक्षा कार्य, गृहकार्य, हाजिरीजवाफ, एकाइ परीक्षा जस्ता प्रकारहरूलाई अपनाएको पाइन्छ । तर उत्तरदाता विद्यार्थीहरूले मूल्याङ्कन गर्नुहुन्छ भन्ने ६०.० प्रतिशत र मूल्याङ्कन गर्नुहुन्न भन्ने ४०.० प्रतिशत विद्यार्थीहरू पाइन्छ ।

## ४.३.२. विद्यालयले लिँदै आएको परीक्षा प्रणाली

कुनै पनि विद्यालयले कुनै एउटा कक्षा वा तहमा अध्ययन गर्ने विद्यार्थीहरूको कमजोरी पक्षमा सुधार ल्याउन तथा विद्यार्थीको स्तर निर्धारण गर्न विभिन्न किसिमका

परीक्षाहरू सञ्चालन गरेको पाइन्छ । यस्ता परीक्षाहरू विद्यालयले विद्यार्थीहरूले प्रत्येक ३ महिनामा के कति सिके र सिकाइलाई अझ प्रभावकारी बनाउन के-के उपायहरू गर्नु गराउनु पर्छ भन्नका लागि परीक्षा लिने गर्दछ । त्यस्तै शैक्षिक वर्षको ६ महिना वितिसक्दाको विद्यार्थीको प्रगती लेखाजोखा र अर्धवार्षिक परीक्षा लिने गरेको पाइन्छ । परीक्षाले विद्यार्थीको शैक्षिक गतिविधिमा सुधार गर्ने भएकोले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन सम्बन्धित भई विद्यालयले एक शैक्षिक सत्रमा विभिन्न किसिमका मूल्याङ्कनहरू गर्ने गरेको पाइन्छ । किनकि यस मूल्याङ्कनले विद्यार्थीको शैक्षिक कार्यक्रमको प्रभाविकरण गर्ने काम गर्दछ । यसकारण यस अध्ययन क्षेत्रमा समावेश गरिएका विद्यालयहरूले विद्यालयमा लिँदै आएका परीक्षाका प्रणालीहरूको सम्बन्धमा के कस्तो कुन प्रक्रियाबाट परीक्षा लिने गरेको रहेछ भन्ने अध्ययनका लागि सम्बन्धित विद्यालयमा अध्ययन गर्ने उत्तरदाता विद्यार्थीहरूबाट प्राप्त गरिएको प्राथमिक तथ्याङ्कको विवरणलाई तलको तालिकाबाट प्रश्ट पारिएको छ ।

तालिका ४.१२ : परीक्षा प्रणाली सम्बन्धमा विद्यार्थीहरूको प्रतिक्रिया, २०६९

| परीक्षा प्रकृया (प्रणाली) | छात्र | | छात्रा | | कुल विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | |
| त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षाबाट | ३० | ६०.० | ३० | ६०.० | ६० | ६०.० |
| अर्धवार्षिक र वार्षिक परीक्षाबाट | २० | ४०.० | २० | ४०.० | ४० | ४०.० |
| वार्षिक परीक्षाबाट मात्र | | | | | | |
| जम्मा | ५० | १००.० | ५० | १००.० | १०० | १००.० |
| नियमित विद्यार्थीको मूल्याङ्कन | ३० | ६०.० | ५० | ५०.० | ६० | ६०.० |
| गृहकार्य र अध्यापनको अन्त्यमा | २० | ४०.० | २० | ४०.० | ४० | ४०.० |
| जम्मा | ५० | १००.० | ५० | १००.० | १०० | १००.० |

स्रोत :- स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ४.१४ बाट यो स्पष्ट हुन्छ कि यस अध्ययन क्षेत्रमा समावेश गरिएका कुल उत्तरदाता विद्यार्थीहरूमध्ये बढिमा ६० प्रतिशत विद्यार्थीले त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षा प्रणाली सञ्चालन गरेको छ भनेको पाइन्छ र ४० प्रतिशत विद्यार्थीले दुई परीक्षा प्रणाली मात्र सञ्चालन गरेको भन्ने पाइन्छ । नियमित विद्यार्थी मूल्याङ्कन गर्ने प्रक्रियाको रुपमा कक्षा शिक्षणसँगै गरिने मूल्याङ्नबाट भन्ने

विद्यार्थी ६० प्रतिशत छन् भने गृहकार्य र अध्यापनको अन्त्यमा प्रश्नोत्तरबाट भन्ने विद्यार्थी ४० प्रतिशत रहेको पाइन्छ ।

## ४.३.३. उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता र प्रभावकारी शिक्षण

शैक्षिक सामग्री उपलब्ध गराई शिक्षण गर्न सकेमा शिक्षण सिकाई प्रभावकारी हुन जान्छ । यसै सन्दर्भमा शिक्षाविद् (Burton) भन्नुहुन्छ-"राम्रो शिक्षणले विद्यार्थीहरूमा धैर्य र साहसको भावना उत्पन्न गराउँछ । निरसा, हतासा तथा नैराश्यता हटाई, राम्रो शिक्षणले विद्यार्थीहरूमा साहस, उत्साह एवं प्रोत्साहन भर्ने कार्य गर्दछ ।" यस सन्दर्भमा यस अध्ययन क्रमा लिइएका उत्तरदाता प्र.अ.हरूसँग, शैक्षणिक योजना अनुसार अध्यापन गर्न गराउँन उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता र प्रभावकारी शिक्षण सम्बन्धमा लिइएको धारणालाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

तालिका ४.१३ शैक्षणिक योजनाको लागि उपलब्ध शैक्षिक सामग्रीहरू र प्र.अ. को प्रतिक्रिया,

| उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता | प्र.अ. सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छ | १ | २०.० |
| छैन | ४ | ८०.० |
| जम्मा | ५ | १००.० |
| शै. सामग्रीको उपलब्धि बिना प्रभावकारी शिक्षणको सम्भमवना | | |
| छ | ० | ०.० |
| छैन | ५ | १००.० |
| जम्मा | ५ | १००.० |

स्रोत प्रश्नावली र अन्तर्वाता, २०६९

प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदमहरू

| | | |
|---|---|---|
| आवश्यक शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नुपर्ने | १ | २०.० |
| विषय र पाठ अनुसारको शैक्षिक समग्री तयार गरेर अध्यापन गराउनुपर्ने | १ | २०.० |
| आवश्यक सामग्रीको वैकल्पिक छनौटबाट पूरा गर्दै लैजाने | १ | २०.० |
| सरकारले विषयगत शिक्षक र शैक्षि सामग्रीमा लगानी गर्नुपर्ने | २ | ४०.० |

| | | |
|---|---|---|
| जम्मा | ५ | १००.० |

स्रोतः प्रश्नावली र अन्तर्वाता, २०६९

उपरोक्त तालिकाको अध्ययन र विश्लेषण गर्दा शैक्षिक सामग्रीको उपलब्धता विना शिक्षणको सम्भावना र शैक्षिक सामग्रीको पर्याप्तता भन्ने सन्दर्भमा पर्याप्तता छ भन्ने २०.० प्रतिशत र छैन भन्ने ८०.० प्रतिशत प्र.अ.हरूको धरणा पाइयो भने सामग्रीको उपलब्धि बिना शिक्षणको सम्भावना छ भन्ने ०.० प्रतिशत र छैन भन्ने १००.० प्रतिशत प्र.अ.हरू भएको पाइन्छ । त्यस्तै गरी प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदमहरूमा शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नुपर्ने २०.० प्रतिशत, विषय र पाठ अनुसारको शैक्षिक सामग्री तयार गरी अध्यापन गराउनुपर्नेमा २०.० प्रतिशत, आवश्यक सामग्रीको वैकल्पिक छनोटबाट पूरा गर्दै जाने २०.० प्रतिशत र सरकारले कक्षागत शिक्षक र शैक्षिक सामग्रीमा लगानी गर्नुपर्नेमा ४०.० प्रतिशत प्र.अ.हरूको धारणा रहेको पाइन्छ ।

## ४.३.४. शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइमा शैक्षिक सामग्री बिनाको शिक्षण अर्थपूर्ण र प्रभावकारी हुदैन । त्यसैले शिक्षण सिकाइमा उचित शैक्षि सामग्रीहरूको संलग्नता वा प्रयोग गर्नाले सिकाइलाई दिगो र अर्थपूण बनाउँछ । त्यस्तै शैक्षिक सामग्रीको छनौट, निर्माण र प्रयोग गर्दा पाठको स्वरुप र प्रकृति अनुसार गर्न सकेमा विद्यार्थीको धारणा स्पष्ट गर्न सकिने, कम समयमा नै सिकाउन सकिने, शिक्षण कार्य सरल र रोचक हुने, विद्यार्थीमा चाख बढ्ने, विद्यार्थी उत्प्रेरित, सिर्जनशील र क्रियाशील हुने हुँदा शैक्षिक सामग्रीलाई शिक्षण सिकाइ कार्यलाई संलग्न गराउनु आवश्यक छ । यस अध्ययनमा पनि शिक्षकले शैक्षिक सामग्रीको प्रयोग कसरी गरेका छन् भन्ने जानकारी प्राप्त गर्न उत्तरदाता विद्यार्थीहरूबाट लिइएको धरणालाई निम्न तालिका बाट प्रष्ट पारिएको छ ।

तालिका ४.१४, शिक्षणमा शैक्षिक सामग्रीको संलग्नता

| पाठ्यवस्तुको शिक्षण र शैक्षिक सामग्रीको संलग्नता (प्रयोग) | छात्र | | छात्रा | | कुल विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | | |
| विषयवस्तुमा उल्लेख भएका सबै शैक्षिक सामग्री प्रयोग | ४ | ८.० | १८ | ३६.० | ३२ | ४४.० |
| पाठ्यपुस्तक चक डस्टर र कालोपाटीको प्रयोग | १८ | ३६ | १० | २०.० | ३८ | ५६.० |
| पाठ्यपुस्तकमा उपलब्ध हुने सामग्रीको प्रयोग | १० | २०.० | ४ | ८.० | १४ | २८.० |
| आवश्यक स्रोत र सामग्रीको सहयोग | ८ | १६.० | १० | २०.० | १८ | ३६.० |
| पाठ्यपुस्तकको मात्र प्रयोग | १० | २०.० | ८ | १६ | १८ | ३६.० |
| जम्मा | ५० | १०० | ५० | १०० | १०० | २०० |

स्रोत : स्थलगत विद्यालय सर्वेक्षण, २०६९

तालिका ४.१७ लाई अध्ययन र विश्लेषण गर्दा प्राप्त तथ्याङ्कले के प्रष्ट पार्दछ भने शिक्षकले शिक्षण गर्दा शैक्षिक सामग्रीको संलग्नतालाई हेर्दा कुल उत्तरदाता विद्यार्थीहरूमध्ये ५६.० प्रतिशत विद्यार्थीहरूले शिक्षकले कक्षा शिषण गर्दा “चक, डस्टर कालोपाटीको मात्र प्रयोग गर्ने गरेको” बताए भने २८.० प्रतिशत विद्यार्थीले “पाठ्यपुस्तकमा उपलब्ध हुने सामग्रीको सहायताले”, भने, त्यसैगरी ३६.० प्रतिशत विद्यार्थीहरूले “पाठ्यपुस्तकको सहायताबाट मात्र” भन्ने बताए र आवश्यक स्रोत सामग्रीको सहयोगले ३६.० प्रतिशत पाठ्यपुस्तकको शिक्षण र शैक्षिक सामग्रीको संलग्नता र भन्ने तथ्याङ्क प्राप्त गरिएको छ। विद्यालयले प्रदान गर्ने वातावरण र व्यवस्थापन राम्रो हुनुपर्ने देखिन्छ।

## ४.४ शैक्षणिक योजना निर्माण र प्रभावकारीतामा देखा परेका समस्या

झापा जिल्लाको बुधबारे स्रोतकेन्द अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालय तहमा शैक्षणिक योजनाको प्रभावकारीतामा आइपरेको समस्या सम्बन्धमा अध्ययनको लागि छानिएका विद्यालयहरूमा प्रत्यक्ष अवलोकन तथा प्र.अ., कक्षा शिक्षक, सम्बन्धित विद्यार्थीहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई प्रश्नावली भराई सो सम्बन्धमा अध्ययन गर्दा विभिन्न विद्यालयका  शिक्षक विद्यार्थी र प्र.अ.हरूका

अध्ययन अध्यापनहरूमा शैक्षणिक योजना विना व्यापक समस्या भएको पाइन्छ । हुन त समस्या नै समाधानको जननी भन्ने नेपाली उखान अनुसार आवश्यक पहल र प्रयत्न सबै पक्षवाट भएमा त्यस्ता समस्याहरू समाधान हुँदै जाने कुरा निर्विवाद छ (श्रेष्ठ, २०६५) । समाज विकासको क्रम देखि नै समस्या र ती समस्या समाधान गर्ने उपायहरूको खोजी भई समाज अगाडी वढेको इतिहाँस छर्लङ्ग छ । त्यसै अनुसार कतिपय विद्यालयहरूमा शैक्षिक सामग्रीहरूको अभाव, दक्ष शिक्षकको अभाव, आर्थिक अभाव, व्यवस्थापनमा असामान्जस्यता, अधिक विद्यार्थी, पाठ्य सामग्री र सन्दर्भ सामग्रीको अभाव, विद्यार्थीको सहभागिताको कमी, शैक्षिक राजनीतिकरण, विद्यालय वातावरण अनुकुल नहुनु जस्ता समस्याहरू विद्यमान भएको पनि पाइन्छ । अत : यस अध्ययन क्षेत्रमा अध्ययनको क्रममा पाइएका समस्याहरू र समाधानका उपायहरू समेत प्र.अ., कक्षा शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट औंल्याइएका समस्याहरू तपशिल बमोजिम बुँदागत रुपमा क्रमश : उल्लेख गरिएको छ ।

### क. प्र.अ.हरूबाट औंल्याइएका समस्याहरू

१. विद्यालयमा शैक्षणिक योजना निर्माण गर्न गाह्रो भएको हुनाले शिक्षकहरू अनभिज्ञ भएको पाइन्छ ।
२. तालिमप्राप्त विषयगत शिक्षकको अभाव ।
३. शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको अभाव ।
४. पाठ्यपुस्तक र पाठ्यक्रमको तालमेल नभएको ।
५. पुनर्ताजगी तालिमको व्यवस्था नहुनु ।
६. शिक्षकहरूले पाठयोजना नवनाउनु ।
७. आचार संहिता पालना नगर्नु ।
८. शिक्षण पद्दतिमा सुधार गर्न नसक्नु ।
९. विद्यार्थीहरूले पूर्णतया आचारसंहिता पालना नगर्नु ।

उपरोक्त समस्याका बुँदाहरूलाई विश्लेषण गर्दा विद्यालयमा शैक्षणिक योजना कार्यान्वयन हुन नसकेको वुझिन्छ । त्यसैले सम्बन्धित प्र.अ. द्वारा देखाइएको समस्यालाई तपशिल अनुसार समाधान गर्ने उपायसमेत दिइएको छ ।

## ख. कक्षा शिक्षकले औंल्याएका शैक्षणिक योजना सम्बन्धि समस्याहरू

१. विद्यालयले शैक्षणिक कार्य योजना वनाउन नसक्नु ।

२. प्र.अ. तथा शिक्षकहरूलाई तालिमको राम्रो व्यवस्था नभएको ।

३. पाठ्यक्रम, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको अभाव भएको ।

४. पाठ्यक्रम, पाठ्यवस्तु र क्रियाकलाप विद्यार्थीको उमेर सुहाँउँदो नभएको ।

५. पाठयोजना वनाउन गाह्रो भएको ।

६. शैक्षिक सामग्री निर्माण गर्न समय नभएको ।

७. विद्यालय व्यवस्थापन र वातावरण अनुकुल नभएको ।

८. सरकारको शैक्षिक नीति राजनीतिक परिवर्तनका साथ परिवर्तन भएको ।

उक्त समस्याको विश्लेषण गर्दा कक्षा शिक्षक दक्ष नभएको र योजना निर्माण गर्ने वातावरण अनुकुल नदेखिएकाले यस्ता समस्यालाई समाधान गर्न तपसिल अनुसारका उपायहरू दिइएको छ ।

## ग. विद्यार्थीद्वारा औंल्याएका समस्याहरू

शिक्षकहरूले दैनिक पाठयोजना निर्माण नगरी शिक्षण गर्ने भएकोले शिक्षण गुणस्तरीय हुन सकेको छैन ।

२. उपयुक्त शैक्षिक सामग्रीको अभाव ।

३. दक्ष विषय शिक्षकको अभाव ।

४. नियमित कक्षा सञ्चालन नहुनु (शिक्षकको नियमितता नहुनु) ।

५. कक्षामा विद्यार्थी सङ्ख्या वढि हुनु ।

६. कक्षामा हल्ला र क्रियाकलाप बढि हुनु ।

७. भौतिक प्रयोगात्मक सामग्रीको अभाव हुनु ।

८. विद्यार्थी आचार संहिताको पालना नहुनु ।

९. सान्दर्भिक पाठ्यपुस्तकको अभाव ।

१०. कक्षा शिक्षणमा विद्यार्थीको मूल्याङ्कनको अभाव हुनु ।

११. विद्यालयमा शिक्षण अनुकुल वातावरणको अभाव हुनु ।

१२. विद्यालयमा चुस्त दुरुस्त व्यवस्थापनको कमी हुनु ।

१३. विद्यार्थीलाई उत्प्रेरित बनाउन नसक्नु ।

१४. शिक्षक र विद्यार्थीवीच राम्रो सम्बन्ध हुन नसक्नु ।

१५. शिक्षकले आफ्नो दायित्व पूरा गर्नुभन्दा राजनीतितर्फ बढी लाग्नु ।

शैक्षणिक योजनाका तत्वहरू र प्रभावकारी कार्यान्वयनको सम्बन्धमा विद्यार्थीद्वारा औंल्याइएका समस्याहरूको विश्लेषण गर्दा शिक्षकले विना योजना कक्षा शिक्षण गरेको, शिक्षक विद्यार्थी वीच राम्रो सम्बन्ध नभएको, शिक्षकले उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गर्न नसकेको र विद्यालयको व्यवस्थापन कमजोर भएको भन्ने पाइन्छ । तर ति समस्याहरूलाई समाधान गर्न विद्यार्थीद्वारा औंल्याइएका उपायहरू पनि यसप्रकार भएको पाइन्छ ।

## घ) शैक्षणिक योजना निर्माणमा आइपरेका समस्याको सम्बन्धमा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको धारणा

१. शिक्षकहरू कक्षामा विना योजना जाने प्रवृत्ति हुनु ।

२. विद्यालयप्रति समाजको निगरानी कम हुनु ।

३. योग्य तथा दक्ष शिक्षकको अभाव भएको ।

४. विद्यार्थी र समाजको आवश्यकता अनुरुप पाठ्यक्रम नहुनु ।

५. शिक्षकले उचित सुविधा र पारिश्रमिक नपाउनु ।

६. शिक्षणमा शैक्षिक सामग्रीको अभाव हुनु ।

७. अध्ययन अध्यापनमा व्याख्यान विधि बढी प्रयोगमा आउनु ।

८. भ्रमण, अवलोकन र प्रयोग विधि प्रयोगमा नहुनु ।

९. विद्यार्थीहरूको पढाइप्रति रुचि कम हुनु ।

१०. विद्यालयको शैक्षिक वातावरण अनुकुल नहुनु ।

उपरोक्त शैक्षणिक योजना निर्माणको प्रभावकारीतामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको धारणालाई विश्लेषण गर्दा शिक्षकहरू विना योजना कक्षामा जाने, योग्य र दक्ष शिक्षकको कमी हुनु , शैक्षिक सामग्री र शिक्षण विधि समयसापेक्ष नहुनुले गुणस्तरीय

शिक्षामा प्रभाव परेको देखिन्छ । त्यसैले यदि विद्यालयले शैक्षणिक योजना निर्माण गरी कार्यान्वयनलाई महत्व दिने हो भने योजनाको प्रभावकारी कदम उदाहरणीय बन्न सक्ने देखिन्छ । त्यसैले यहाँ औल्याइएका समस्याहरूलाई सुल्झ्याउने उपायहरू पनि बताइएको पाइन्छ ।

## ४.५ शैक्षणिक योजना निर्माण र प्रभावकारीतामा देखा परेका समस्या समाधान गर्ने उपायहरू

### समस्या समाधानका उपायहरू

१. कक्षा शिक्षकलाई छोटो अवधिको विषय विशेषज्ञहरूबाट तालिम दिनुपर्ने ।

२. शैक्षिक सत्र अगावै पाठ्यक्रम र पाठ्यपुस्तकको उपयुक्त ढंगले व्यवस्था मिलाउनु पर्ने ।

३. पाठ्यवस्तुको विस्तार र अभ्यासलाई विषयवस्तु अनुरुप औचित्यपूर्ण तवरले राखिनुपर्ने ।

४. सरकारले दक्ष र तालिमप्राप्त शिक्षक, शैक्षिक सामग्रीहरू, सन्दर्भ सामग्रीको पूर्ण ग्यारेण्टीका साथ व्यवस्था मिलाउनु पर्ने ।

५. अध्यापन गरिरहेको शिक्षकलाई पुनर्ताजगी तालिम दिई विषयवस्तुमा दक्षतापूर्ण ज्ञान भएको विषय शिक्षक उत्पादन गर्नुपर्ने ।

६. विद्यालयले शिक्षकहरूलाई प्रोत्साहन दिने वातावरण सिर्जना गर्नुपर्ने ।

७. सरकारको शिक्षा नीति स्पष्ट हुनुपर्ने ।

८. शिक्षक विद्यार्थीले आचार संहिता अनिवार्य रुपमा पालन गर्नु पर्ने ।

**समस्या समाधानका उपायहरू**

१ समयसापेक्ष तालिमको व्यवस्था र सरकार र विद्यालयले मिलाउनु पर्ने ।

२. शैक्षिक सत्रको सुरुवातमा विद्यालयमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरूको सरकारले व्यवस्था गर्नुपर्ने ।

३. पाठ्यक्रमलाई त्रुटिरहित बनाउन पूर्ण मुल्याङकन र लेखन विशेषज्ञहरूबाट हुनुपर्ने ।

४. पाठ्यक्रमलाई समयसापेक्ष बनाउनु पर्ने ।

५.पाठ्यवस्तु र क्रियाकलाप सरलीकृत र समयसापेक्ष विद्यार्थी र समाजको आवश्यकता अनुसार बनाउँनु पर्ने ।

६. शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्ने वइवस्थामा जोड दिनुपर्ने ।

७. विद्यालय व्यवस्थापन र वातावरण समयानुकुल बनाउनु पर्ने ।

**समस्या समाधान गर्ने उपायहरू**

१. शिक्षकलाई शैक्षणिक योजना निर्माण गर्न तालिम दिनुपर्ने ।

२. उपयुक्त शैक्षिक सामग्री र विषय शिक्षकको व्यवस्था विदालयद्वारा गरिनु पर्ने ।

३. विद्यार्थीसङ्ख्याको आधारमा सेक्सन विभाजन गर्ने र कक्षा नियन्त्रणमा विद्यालयले दिनुपर्ने ।

४. भौतिक र प्रयोगात्मक सामग्रीको साथै पाठअनुसारको स्रोत सामग्रीको व्यवस्था विद्यालय र सरकारले मिलाउनु पर्ने ।

५. विद्यार्थीहरूलाई आवर्षण गर्न र अनुशासनमा राख्न विद्यालय आचार संहिता सबैले बनाउनु पर्ने ।

६. विद्यालय प्रशासन चुस्त र दुरुस्त बनाउन विद्यालय सक्रिय हुनुपर्ने ।

७. समय सान्दर्भिक पाठ्यवस्तुको व्यवस्थ ागर्ने र दैनिक कक्षा शिक्षणमा मूल्याङ्कन गर्ने व्यवस्था सरकार विद्यालयले गर्नुपर्ने ।

८. जनसहभागिता जुटाउने, अभिभावक भेला राख्ने कार्य विद्यालयले गर्नुपर्ने ।

९. पाठ्योजनालाई व्यबहारिक बनाउने तर्फ सबैको ध्यान जानुपर्ने ।

१०. शिक्षकको उपस्थिति नियमित गराई कक्षा सञ्चालन गर्न विद्यालय सकृय हुनुपर्ने ।

११. शिक्षक र विद्यार्थी बीच सुमधुर सम्बन्ध राख्नु पर्ने ।

१२. शिक्षकले आफ्नो दायित्व र जिम्मेवारी पुरा गर्न राजनीतिबाट टाढा रहनु पर्ने ।

## समस्या समाधानका उपायहरू

१. विद्यालयप्रतिको अपेक्षित धारणाका सम्बन्धमा समाजसँग अर्न्तक्रिया गरी सकारात्मक परिवर्तन गराउनुपर्ने ।

२. बहुआयामिक विषयगत योग्य शिक्षक उत्पादनमा राज्यले नै ध्यान दिएर तुरुन्तै काम सुरु गर्नुपर्ने ।

३. विद्यार्थी र समाजको आवश्यकता अनुसारको पाठ्यक्रम परिमार्जन गरी समय सान्दर्भिकपूर्ण मूल्याङ्कन गर्नु पर्ने ।

४. शिक्षकलाई उचित सुविधा र पारिश्रमिक दिनुपर्ने ।

५. शैक्षणिक योजनाको महत्व जनमानसमा विद्यालयले विद्यालयले जानकारी दिने वा पुऱ्याउने ।

६. शैक्षणिक योजना निर्माण गर्न स्रोतव्यक्तिको सहयोगबाट शिक्षक सम्पूर्ण पक्षको ज्ञाता हुनुपर्ने ।

७. शिक्षण सामग्री उत्पादन र प्रयोगमा शिक्षकले विशेष जोड दिनुपर्ने ।

८. शिक्षकलाई समय समयमा तालिमको व्यवस्था हुनुपर्ने ।

९. अवलोकन, अध्ययन भ्रमण र खोज विधिको प्रयोग गरी शिक्षण गरिनुपर्ने ।

१०. दैनिक पाठ्योजना, वार्षिक कार्यतालिका, एकाइ योजना र साप्ताहिक कार्य योजना निर्माण गर्न सहयोग गर्ने ।

११. विद्यार्थी केन्द्रीत शिक्षण गर्ने ।

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

### ५.१. प्राप्ति

विद्यालय एक सानो समाज हो । जसलाई शैक्षिक संस्थाको रुपमा लिइएको पाइन्छ । विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको निर्माण र व्यवस्थाबाट बनेको हुन्छ । विद्यालय सञ्चालन गर्न विद्यालयको प्रगती र विकासका लागि शैक्षणिक योजनाको महत्वपूण भूमिका रहन्छ । शैक्षिक योजना विद्यालयको एक महत्वपूर्ण भाग हो । शैक्षणिक योजना सीमित र कक्षाकोठामा निहित हुन्छ । पाठ्यक्रमले तोकेका विषयगत उद्देश्यहरूसँग सम्बन्धित भई यसको आधारमा शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन गरिन्छ । यो शिक्षकको कक्षा शिक्षणको योजना भएकोले शिक्षकद्वारा शैक्षणिक योजनाको निर्माण हुन्छ । बिना योजना शिक्षण गरियो भने राखेको उद्देश्य पूरा हुन सक्दैन र विभिन्न समस्याहरू आइपर्न सक्छन् । योजना विहिन कार्यक्रम धागो चुडिएको चङ्गासरह हुन गई सकुशल गन्तव्यमा पुग्न सकिदैन । त्यसैले शैक्षिक संस्थालाई अगाडी बढाउन शैक्षणिक योजनाको निर्माण गरी त्यसको प्रभावकारीता थाहा पाउनु आवश्यक हुन्छ । शैक्षणिक योजना निर्माणका तत्वहरूको पहिचान गर्नु , कार्यान्वयनको विश्लेषण गर्नु र देखा परेका समस्याहरूलाई समाधान गर्ने उपायहरू पत्ता लगाउनका लागि झापा जिल्लाको बुधबारे स्रोतकेन्द अन्तर्गत सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरू मध्ये ५ वटा विद्यालयलाई अध्ययनमा समावेश गरी सम्बन्धित विद्यालयका प्र.अ.हरू , माध्यमिक तहमा पढाउने कक्षा शिक्षकहरू, कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आधार मानेर यो सर्भे २०६८ साल पौष १५ गतेबाट सुरु गरी २०६९ चैत्र मसान्त सम्म सञ्चालन गरिएको हो ।

यस अनुसन्धानको मुख्य उद्देश्य भनेको कक्षा ९ र कक्षा १० मा शिक्षकले शैक्षणिक योजनाको निर्माण गरी अध्यापन गरेका छन् वा छैनन् ? र त्यसको शिक्षण गर्दा अपनाइएका

शिक्षण विधिहरू र त्यसको प्रभावकारीताको अध्ययन गर्नुका साथै शैक्षणिक योजनाको निर्माण गर्दा देखिएका समस्याहरूको पहिचान गर्नु र त्यसको समाधान गर्ने उपायहरूको पत्ता लगाउनु रहेको थियो । यी उद्देश्यका आधारमा अन्वेषणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचावाट प्र.अ., कक्षा शिक्षक र विद्यार्थीहरूमा गुणात्मक सूचनाहरू र शैक्षणिक योजनामा आईपरेका समस्याहरूका बारेमा तथ्यपूर्ण तथ्याङ्कहरू प्रश्नावली र अवलोकन तथा अर्न्तवार्ताका आधारमा प्राप्त गरिएको हो । यस अध्ययनमा जम्मा ५ विद्यालयका ५ प्रधानाध्यापकहरू, ५ जना कक्षा शिक्षकहरू तथा १०० जना विद्यार्थीहरू (छात्रा ५०, छात्र ५० जना) साथै ५ जना व्यवस्थापन समितिका पदाधिकारीहरूलाई छनोट गरिएको हो । छनोट गर्दा विद्यालयको भैँगोलिक सन्तुलनका आधारमा र विद्यालयको स्तरीयताका आधारमा समेत अध्ययन गरी उद्देश्यमूलक नमूना छनोट विधिलाई अपनाइएको हो ।

यस अध्ययनका मुख्य प्राप्तिहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

शिक्षणयोजना सम्बन्धि विभिन्न पक्षहरूको अवस्थालाई विश्लेषण गर्दा यस अध्ययनमा समावेश कुल शिक्षकहरूमध्ये २०.० प्रतिशत शिक्षकहरूले शैक्षणिक योजना निर्माण गरेको पाइएन भने शैक्षणिक योजनाको निर्माण गर्ने ८०.० प्रतिशत शिक्षकले गरेको पाइयो । जसमध्येबाट वार्षिक शैक्षणिक कार्य योजना सतप्रतिशतले बनाएको, दैनिक कार्यतालिका ( रुटिन) र वार्षिक कार्यपात्रो बनाउने सतप्रतिशत, दैनिक पाठयोजना बनाउने ६०.० प्रतिशत शिक्षक पाइयो । शैक्षणिक योजनाको निर्माण गर्नुको मुख्य कारणमा २०.० प्रतिशतले तालिमको अभावले भन्ने गरेको पाइयो भने पाठ्यक्रम र शिक्षक निर्देशिकाको अभावले भन्ने ४०.० प्रतिशत र समयको अभावले भन्ने ४०.० प्रतिशत रहेको पाइन्छ ।

शिक्षकले अध्यापन गराउँदा पाठयोजनाको निर्माण तथा तयारी गरी पढाउने ६०.० प्रतिशत र निर्माण नगरी पढाउने शिक्षक ४०.० प्रतिशत रहेको पाइयो जसमध्य पाठयोजनाको तयारी गर्ने आधारको रुपमा पाठ्यक्रम विषयवस्तु र स्वरुपका आधारमा तथा अध्ययन सामग्रीको आधारमा भन्ने शिक्षकहरूको प्रतिशत क्रमश : २०.०/२०.० प्रतिशत भएको पाइएको छ ।

विद्यालयमा कक्षा शिक्षण गर्दा बढि प्रयोगमा ल्याइएका विधिहरू व्याख्यान, प्रवचन, छलफल र प्रश्नोत्तर विधि रहेको पाइयो । यी विधिहरू प्रयोग गर्ने शिक्षक ६०.० प्रतिशत, व्याख्यान, छलफल, प्रवचन, प्रदर्शनर प्रयोगात्मक विधि प्रयोग गर्ने शिक्षक  २०.० प्रतिशत आगमन,

निगमन, स्थल भ्रमण र नक्सा अध्ययनबाट भर्ने शिक्षकहरू ०.० प्रतिशत भएको पाइयो । त्यस्तै शिक्षण विधिको छनौट गर्ने आधारमा, भौतिक सुविधा र उपलब्ध शिक्षण सामग्री सिकारुको रुची, स्तर र उमेर, विषयवस्तु विषयवस्तुको प्रकृति र शैक्षिक उद्देश्यलाई आधार मानी छनोट गर्ने आधार बनाइएको छ ।

विद्यालयमा दैनिक प्रयोगका शैक्षिक सामग्रीहरू मध्ये चक, डस्टर र कालोपाटीको अवस्था पर्याप्त राम्रो छ भन्ने प्र.अ. सतप्रतिशत, पाठ्यपुस्तकको अवस्था पर्याप्त राम्रो छ भन्ने प्र.अ. ४०.० प्रतिशत रहेको पाइन्छ । शिक्षण गर्दा विषयवस्तुको प्रकृति र स्वरुपको आधारमा शैक्षिक सामग्री उपलब्ध हुन सकेको छैन भन्ने शिक्षक सतप्रतिशत रहेको पाइन्छ भने शैक्षिक सामग्री उपलब्ध नहुने कारणमा बजारका महँगा सामग्री र समयमा उपललब्ध हुन नसक्ने सामग्रीहरू भएकाले भन्ने शिक्षक ४०.० प्रतिशत रहेको पाइन्छ । त्यसै गरी उपलब्ध हुन नसकेको शैक्षिक सामग्रीहरू बिना शिक्षण गर्दा निर्धारित उद्देश्य हासिल गर्न गाह्रो भएको र विषय वस्तुलाई बुझाउन समय वढि लागेको भन्ने शिक्षकहरू ४०.० र २०.० प्रतिशत रहेको पाइन्छ ।

त्यसैगरी विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीहरू पर्याप्त छैनन् भन्ने कुल प्र.अ.मध्ये ८०.० प्रतिशत, उपलब्ध शैक्षिक सामग्रीको पर्याप्तता छ भन्ने प्र.अ. २०.० प्रतिशत रहेको पाइन्छ । पर्याप्त शैक्षिक सामग्री विना प्रभावकारी शिक्षण पनि सम्भव छैन ।भन्ने प्र.अ. सतप्रतिशत पाइन्छ । प्रभावकारी शिक्षणको लागि चाल्नुपर्ने कदममा आवश्यकीय शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था गर्नु पर्ने भन्ने प्र.अ. २०.० प्रतिशत र सरकारले विषयगत शिक्षक र शैक्षिक सामग्रीमा लगानी गर्नुपर्ने भन्ने प्र.अ. २०.० प्रतिशत रहेको पाइयो । त्यसैगरी अध्ययनमा समावेश गरिएका विद्यालयहरूमा यस विषय सँग सम्बन्धित शैक्षिक सामग्रीको विवरण हेर्दा प्राय : सबैमा ग्लोब, चार्ट, एट्लस र शहीदका फोटाहरू बाहेक अरु केहि पनि पाइएन ।

विद्यालयको शैक्षणिक योजनाको आधारमा मूल्याङ्कन सम्बन्धि अध्ययन तथा अनुसन्धानमा एक शैक्षिक सत्र भित्र पूर्ण अध्यापन गराउन शिक्षकले सकेको छ वा छैन भन्ने तथ्य पत्ता लगाउन अध्ययनमा लिइएका कुल विद्यार्थी मध्ये ६०.० प्रतिशत विद्यार्थीले छैन भन्ने रहेको पाइन्छ । यसरी एक शैक्षिक सत्र भित्र अध्यापन गराउन नसक्नुको कारणहरू मध्ये २०.० प्रतिशत विद्यार्थीले स्रोत र सामग्रीको अभाव हुनाले र २०.० प्रतिशत विद्यार्थीले पाठ्यवस्तु बढि भएकोले भन्ने गरेको पाइन्छ । मूल्याङ्कन सम्बन्धी अध्ययन गर्दा कक्षा

शिक्षणको अन्त्यमा विद्यार्थी मूल्याङ्कन गर्छु भन्ने गर्छु भन्ने शिक्षक सतप्रतिशत पाइयो भने मूल्याङ्कन गर्ने प्रकारको रुपमा निर्माणत्मक मूल्याङ्कनको सञ्चालन कक्षा शिक्षण सँगसँगै मौखिक परीक्षा प्रश्नोत्तर विधिबाट गर्छु भन्ने ४०.० प्रतिशत रहेको पाइयो । त्यसै गरी विद्यालयले लिने परीक्षा प्रणाली अर्न्तगत त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाबाट भन्ने विद्यार्थी ६०.० प्रतिशत रहेको पाइन्छ ।

शिक्षकले विद्यार्थीको मूल्याङ्कन गर्दा विद्यालयबाट विद्यार्थीलाई मूल्याङ्कन सुविधा प्रदान गर्ने मध्ये मौखिक, लिखित, प्रयोगात्मक परीक्षामा आवश्यक सामग्रीहरू उपलब्ध गराएर भन्ने प्र.अ. ८०.० प्रतिशत रहेको पाइन्छ ।

शिक्षकको योग्यता र तालिम सम्बन्धी गरिएको अध्ययन अनुसार सम्बन्धित क्षेत्रमा योग्यता पुगेका तर तालिम अप्राप्त रहेका शिक्षक ४०.० प्रतिशत पाइन्छ भने सम्बन्धित योग्यता पुगेका  र तालिमप्राप्त शिक्षक ६०.० प्रतिशत मात्र भएको पाइन्छ ।

विद्यालयको वातावरणीय अवस्थाको अध्ययन गर्दा सफा, स्वास्थ्य र सिकाई अनुकुल वातावरण सामान्य राम्रो छ भन्ने प्र.अ.सतप्रतिशत रहेको पाइयो भने विद्यार्थी ३०.० प्रतिशत रहेको पाइन्छ । त्यस्तै प्रदुषण रहित वातावरण पर्याप्त राम्रो भन्ने ८०.० प्रतिशत, सामान्य राम्रो छ भन्ने प्र.अ. ४०.० प्रतिशत भएको पाइन्छ । शिक्षक र विद्यार्थी आचार संहीता पर्याप्त राम्रो छ भन्ने क्रमश : प्र.अ. सतप्रतिशत र सामान्य राम्रो भने २०.० प्रतिशत विद्यार्थी रहेको पाइन्छ ।

विद्यालयको भौतिक पक्ष सम्बन्धी अध्ययन गर्दा प्राप्त भएको मुख्य विवरणमा उपयुक्त कक्षाकोठाको अवस्था सामान्य राम्रो छ भन्ने प्र.अ. ४०.० प्रतिशत, विद्यार्थी ३०.० प्रतिशत रहेको पाइन्छ । त्यस्तै पर्याप्त र सुविधायुक्त फर्निचरको व्यवस्था सामान्य राम्रो छ भन्ने प्र.अ. ४०.० प्रतिशत, विद्यार्थी ३०.० प्रतिशत, त्यसैगरी खानेपानी विद्यालय परिसर कार्यालयका लागि अलग कक्षाकोठाको व्यवस्थाको अवस्था सामान्य राम्रो छ भन्ने बशुसङ्ख्यक प्र.अ. तथा विद्यार्थी पाइयो भने शौचालयको सुविधाको अवस्थालाई अध्ययन गर्दा न्यून ज्यादै कम छ भन्ने प्र.अ. ४०.० प्रतिशत र सुविधा नै छैन भन्ने विद्यार्थी २०.० प्रतिशत रहेको पाइन्छ । त्यस्तै पुस्तकालय र खेल मैदान सुविधा सम्बन्धी व्यवस्थामा छैन भन्ने प्र.अ.हरू २०.० प्रतिशत र विद्यार्थी ५.० प्रतिशत रहेको पाइन्छ ।

विद्यालयमा समुदाय र अभिभावकको सहयोग तथा सम्बन्धमा गरिएको अध्ययन अनुसार सहयोगको अवस्था मध्ये प्रत्यक्ष निगरानी र विद्यालय व्यवस्थापनमा सहयोग भन्ने प्र.अ. ४०.० प्रतिशत, विद्यालयमा प्रोत्साहन मूलक र रोचक वातावरण भनने प्र.अ. २०.० प्रतिशत रहेको पाइन्छ । विद्यालयको योजना संगठन, निर्देशन र नियन्त्रणमा सहयोग भन्ने प्र.अ. २०.० प्रतिशत भएको पाइन्छ ।

यस अध्ययनबाट शैक्षिक योजनाको निर्माणको प्रभावकारीता र कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान गर्न समावेश प्र.अ.हरू, कक्षा शिक्षकहरू, विद्यार्थीहरू र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूबाट औंल्याईएका समस्याहरू मध्ये मुख्य समस्याहरूमा तालिम प्राप्त शिक्षकको अभाव र तालिम व्यवहारिकतामा नआउनु, विभिन्न शैक्षिक तथा पाठ्यसामग्रीको अभाव हुनु, पाठ्यक्रम समय सापेक्ष नभएको र नियमित कक्षा सञ्चालन नहुनु तथा शिक्षकको उपस्थिति र बढी क्रियाकलाप गर्न समयको अभाव हुनु आदि रहेको पाइन्छ । समस्या समाधानका मुख्य उपाय समय सापेक्ष शिक्षकलाई तालिमको व्यवस्था गर्नुपर्ने, नियमित कक्षा सञ्चालन हुनुपर्ने, नियमित शिक्षकलाई सचेत गराइनुपर्ने, विद्यार्थी केन्द्रित विधिहरूबाट शिक्षण गरिनुपर्नेर विद्यालयसँग सरोकार पक्षका व्यक्तिसँग सहयोगको वातावरण सिर्जना गर्नुपर्ने आदि रहेको पाइन्छ ।

कक्षा शिक्षण गर्दा शैक्षिक सामग्रीको संलग्नताप्रति विद्यार्थीहरूको धारणालाई विश्लेषण गर्दा कुल उत्तरदाता विद्यार्थीहरू मध्ये ५६.० प्रतिशत विद्यार्थीहरूले शिक्षकले कक्षा शिक्षण गर्दा चक, डस्टर र कालोपाटीको मात्र प्रयोग गर्ने भन्ने धारणा पाइन्छ भने पाठ्यवस्तुमा उल्लेख भएका सबै शैक्षिक सामग्री प्रयोग गरेर भन्ने विद्यार्थी ४४.० प्रतिशत, पाठ्यवस्तुको मात्र प्रयोग र आवश्यक स्रोत र सामग्रीको सहयोगबाट भन्ने विद्यार्थी ३६.० प्रतिशत भएको पाइन्छ ।

## ५.२ निष्कर्ष

शैक्षिक संस्था तथा शिक्षणलाई प्रभावकारी रुपले लैजान शिक्षा सम्बन्धि विभिन्न योजनाहरूको निर्माण गर्नुपर्दछ । योजना विहिन कार्यक्रमबाट लक्षित उद्देश्यहरू पूरा हुन सक्दैनन् । माध्यमिक शिक्षाले शैक्षिक जनशक्ति उत्पादन तह भएकोले शैक्षणिक योजना निर्माण र कार्यान्वयनको महत्वपूर्ण भूमिका रहन्छ । यस अध्ययन क्षेत्रमा शैक्षणिक योजना

निर्माण र कार्यान्वयनमा अपनाइएका शिक्षण विधि , शैक्षिक सामग्रीहरू, शैक्षिक क्रियाकलाप र मूल्याङ्कन, विद्यालयको वातावरणीय अवस्था, भौतिक पक्ष तथा व्यवस्थापनका विभिन्न पक्षहरूले शिक्षण योजनामा पारेको प्रभावकारिताको अध्ययन गरिएको थियो । यसको अध्ययन गर्दा देखिएका समस्याहरूको पहिचान गरी समाधानका उपायहरू समेतलाई अध्ययनका विषयवस्तु वनाइएको छ ।

यस अध्ययनले शैक्षणिक योजनालाई माध्यमिक विद्यालय तहमा अनिवार्य प्रयोगका रुपमा अध्ययन अध्यापन गर्न गराउनमा थप जोड दिएको छ किनकि यो समय सापेक्ष व्यवहारिक र यसको अध्ययनबाट शिक्षकले क्षमताको विकास गर्न सक्ने देखिन्छ । त्यसैले शिक्षण योजनाको प्रभावकारितामा वार्षिक योजना, पाठ्योजना, एकाइ योजना, साप्ताहिक योजना आदि जस्ता तत्वहरूलाई बढी जोड दिइएको छ र शिक्षकले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा ल्याउनुपर्ने भएकोले तालिमको व्यवस्थालाई बढी जोड दिइएको पाइन्छ । शैक्षणिक योजनामा प्रभाव पार्ने तत्वहरू (भौतिक, आर्थिक, वातावरणीय, सामाजिक) तर्फ पनि अध्ययन गरिएको छ । विभिन्न शिर्षकहरू विभिन्न व्यक्तिहरूको धारणा पनि  समावेश गरिएको छ ।

अधिकांश शिक्षकले शिक्षण विधिमा व्याख्यान विधि छलफल, प्रश्नोत्तर विधि प्रयोग गर्ने गरेको र यस्ता विधि छनोट गर्दा भौतिक सुविधा उपलब्ध शिक्षण सामग्री, सिकारुको रुची, स्तर र उमेर तथा विषय वस्तुको प्रकृति र स्वरुपको आधारमा छनोट गर्ने बहुसङ्ख्यक पाइन्छ । तर पाठ्यक्रमले निर्देशित गरे अनुसार शिक्षण विधिको शिक्षण विधिको प्रयोग नगर्ने बहुसङ्ख्यक शिक्षक रहेको देखिन्छ । यस्ता समस्या समाधान गर्न नियमित तर सक्रिय प्रयास भयो भने वर्तमान अवस्थामा शिक्षण योजनाको प्रभावकारिता बढ्न जाने देखिन्छ । विद्यालयमा शिक्षण गर्दा पाठ्यसामग्री तथा शैक्षिक सामग्री बहुसङ्ख्यक शिक्षकलाई उपलब्ध हुन नसकेको कारणले पाठ्यपुस्तक र दैनिक प्रयोगका सामग्रीहरूबाट मात्र शिक्षण गर्न परेको दयनीय अवस्था देखिन्छ । शिक्षकले शिक्षण गर्दा अधिक शैक्षिक सामग्री आवश्यक पर्ने देखिएता पनि अधिकांश विद्यालयमा नक्सा, चार्ट, ग्लोब,, एट्लस र शहीदका फोटाहरूर अन्य सामग्रीहरू सबै विद्यालयमा नपाइएको स्थिति देखिन्छ । कतिपय विद्यालयमा त शिक्षक निर्देशिका तथा एट्लस ग्लोब समेत नभएको पाइन्छ । सम्बन्धित क्षेत्रले यस्ता विषयमा

चासो दिने वा विद्यालय परिवार र अभिभावकले त्यस्ता कुरामा खबरदारी गर्ने हो भने मात्र पनि यस्ता समस्या ठूलो समस्यामा परिणत हुने थिएनन् ।

अध्ययनको निचोडमा हेर्दा शिक्षकहरूलाई योजना निर्माण र कार्यान्वयन गर्दा कयौं समस्याहरू देखिएका छन् । जसमध्ये शिक्षकको दक्षतामा कमी, तालिमप्राप्त भएता पनि व्यवहारिक रुपमा नआउनु, नियमित कक्षा सञ्चालन तथा शिक्षकको नियमित उपस्थिति हुन नसक्नु, उपयुक्त शैक्षिक अभाव र सामग्री निर्माणमा समयको अभाव रहनु, शैक्षिक वातावरण अनुकुल नहुनु, राजनीतिक दाउपेच हुनु, आर्थिक समस्या, स्रोत र साधनको कमी भएको पाइन्छ । यी समस्या समाधानका उपायहरूमा तालिमप्राप्त शिक्षक शिक्षिकाको व्यवस्था गरिनुपर्दछ । सरकारी तहबाट नै पाठ्यसामग्रीहरू तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गरिनुपर्दछ । विद्यालय सञ्चालन तथा कक्षा शिक्षकको नियमित उपस्थितिको अनिवार्यता हुनुपर्दछ । जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रबाट निरन्तर रुपमा निरीक्षण हुनुपर्दछ । माथि उल्लेखित कुराहरूमा बहुसङ्ख्यक प्र.अ., विद्यार्थीहरू, शिक्षकहरू र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूले जोड दिएको हुनाले उक्त कार्यहरूको व्यवस्था गरी अध्ययन अध्यापन गराउनु अति आवश्यक र सान्दर्भिक देखिन आउँछ ।

माथिका कुराहरूबाट यो भन्न सकिन्छ कि शैक्षणिक योजना अनुसार शिक्षणमा देखा परेका समस्या समाधानका लागि विद्यालय पक्ष, जिल्ला शिक्षा कार्यालय, विद्यालय निरीक्षक स्रोतकेन्द्र तथा सरोकारवाला सबैको समन्वयात्मक प्रयास हुनु जरुरी देखिन्छ । साथै विभिन्न लेख, पत्रपत्रिका र प्रतिवेदनहरूलाई मध्येनजर गरी विद्यालयमा शिक्षकले कार्य गर्नु पर्ने समेत जरुरी देखिन्छ ।

## ५.३ सुझावहरू

यस अध्ययनका मुख्य प्राप्तिहरूको आधारमा रही निम्न बुँदाहरूको माध्यमबाट सुझावहरू प्रस्तुत गरिएको छ :-

अध्ययन क्रममा शैक्षणिक योजनाको आधारमा शिक्षण गराउने शिक्षकहरूले शैक्षणिक योजना निर्माणमा कम ध्यान दिएको पाइन्छ भने दैनिक पाठयोजना बनाउने शिक्षक ६०.० प्रतिशत मात्र रहेको पाइयो जसले शिक्षण सिकाई प्रभावकारी नहुने हुनाले सम्पूर्ण शिक्षकहरूले शैक्षणक योजनाको निर्माण गरी शिक्षण गर्नुपर्ने देखिन्छ । अध्यापन गराउँदा विशिष्ट उद्देश्य हाँसिल गराउन नसक्ने शिक्षकहरूको ६०.० प्रतिशत भएको हुँदा विशिष्ट

उद्देश्य पूरा गराउने गरी शिक्षण सिकाई क्रियाकलाप अगाडी बढाउनु पर्ने कार्यमा शैक्षणिक योजनाको निर्माण गर्न शिक्षक बढी क्रियाशील हुनुपर्ने देखिन्छ ।

शैक्षणिक योजनाको आधारमा शिक्षण गराउँदा शिक्षकले बढी मात्रामा व्याख्यान/प्रवचन विधि प्रयोग गरेको पाइएको हुँदा प्रश्नोत्तर, छलफल, समस्या समाधान विधि तथा विद्यार्थी केन्द्रित विधिमा बढी जोड दिनुपर्ने देखिन्छ । विद्यार्थी मूल्याङ्कनमा प्राय :त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाबाट गर्ने गरेको पाइएकोले निर्माणात्मक मूल्याङ्कन र विद्यालयले विद्यार्थी विरण, रुजु सूची तय गरी निरन्तर कक्षा मूल्याङ्कनमा ध्यान दिएको पाइएको हुँदा निरन्तर कक्षा मूल्याङ्कन, पृष्ठपोषण र सहकार्यमा विशेष रुपमा जिल्ला शिक्षा कार्यालय, शिक्षक तथा विद्यार्थीहरूको ध्यान केन्द्रित हुनु जरुरी देखिन्छ ।

यस अनुसन्धानको आधारमा विद्यालयमा विद्यालयको भौतिक व्यवस्थापनका विभिन्न पक्षहरूमा राम्रो व्यवस्थापन हुन नसकेको जस्तै उपयुक्त कक्षाकोठा, शौचालय खेलमैदान, पुस्तकालय जस्ता पक्षमाथि अध्ययन गर्दा सन्तोषजनक नभएको पाइएकोले सम्बन्धित सबै पक्षहरू (अभिभावक, विद्यालय परिवार, समुदाय तथा सरकार) बाट त्यस्ता समस्या निराकरण गर्ने उपायहरूअवलम्बन गर्ने गराउने गरी तुरुन्त सुधारका लागि कार्यको थालनी गर्नुपर्ने देखिन्छ । विद्यालय सञ्चालन र शिक्षक उपस्थितिमा अनियमिततम भएको भन्ने केही तथ्यहरू प्राप्त भएकोले त्यसलाई अविलम्ब सुधार गर्न संलग्न पक्षको ध्यान केन्द्रित हुनुपर्ने देखिन्छ ।

विद्यालय समुदाय हो र समुदाय विद्यालय हो भन्ने भावनामा आधारित भै विद्यालय व्यवस्थापन पक्ष सुधार गर्न शैक्षिक गुणस्तर वृद्धि गर्न, सम्बद्ध पक्षहरूले निष्पक्षता पूर्वक आफ्ना अधिकार र कर्तव्यप्रति पूर्ण जिम्मेवार हुने देखिन्छ । विद्यालय र समुदायको अपनत्व कायम राख्न समयसमयमा अभिभावक भेला, सेमिनार, गोष्ठी र सचेतनामूलक कार्यक्रम समुदाय र विद्यालय बीच तय गर्नुपर्ने देखिन्छ । शैक्षणिक योजनाको अनुसार विभिन्न विषयको शिक्षण गराउँन आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको व्यवस्थापनको लागि छुट्टै सरकारी अनुदानको व्यवस्था गरी त्यसलाई तुरुन्त कार्यान्वयनमा ल्याई विद्यालयको शिक्षण सिकाइ कार्यमा सुधार गरिनुपर्ने तथा स्थानीय सामग्रीहरूको प्रयोग गर्न गराउन विषय शिक्षकले बढी क्रियाशील रहनुपर्ने देखिन्छ । माथिल्ला निकायबाट विद्यालयको स्थलगत निरीक्षण गर्ने क्रममा द्वन्द्वको कारणले शिथिलता आएको हुनाले क्रियाशिल गरिनुपर्ने देखिन्छ । यस अध्ययन क्षेत्रका १३ वटा मात्र मा.वि.हरू स्वीकृत (सरकारी) भएका त्यसमा शिक्षकको दरबन्दी पनि जम्मा विद्यालय र विद्यार्थी सङ्ख्याको आधारमा वितरण नगरी पहुँचका आधारमा वितरण गरेको हुँदा अधिक विद्यार्थी सङ्ख्या भएको ठाँउँमा शिक्षक विद्यार्थी

अनुपात मिलान गरी दरबन्दी थप तथा मिलान न्यायोचित प्रणालीबाट अविलम्ब गर्नुपर्ने देखिन्छ ।

यस अध्ययन क्षेत्रमा अन्य स्रोत केन्द्र भन्दा बढी सङ्ख्यामा निजी विद्यालयहरू भएको हुनाले त्यसको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेको पाइन्छ । आर्थिक अभावमा शैक्षिक गुणस्तर खस्कँदो अवस्थामा रहेकोले अविलम्ब निजी विद्यालयहरूलाई स्वीकृत गरी न्यूनतम ५ माध्यमिक शिक्षक दरबन्दी कायम गरिनुपर्ने देखिन्छ । परिवर्तित समय सन्दर्भलाई ध्यानमा राखी पाठ्यक्रमका अनावश्यक पक्षहरू हटाइनु पर्ने (राजनीतिक विषय वस्तुहरूमा) साथै अन्य विषयवस्तुहरू पनि समय सापेक्ष परिवर्तन गर्नुपर्ने देखिन्छ ।

माध्यमिक तहमा राखिएका उद्देश्यहरूको सान्दर्भिकता र पाठ्यवस्तु वीचको प्रभावकारीता नदेखिएकोले समय सापेक्ष पाठ्यक्रम परिमार्जन गर्नुपर्ने देखिन्छ ।माध्यमिक विद्यालय सुधार योजना जस्ता कार्यक्रमहरू लागु हुने सन्दर्भमा सम्बन्धित सबै पक्षको सहयोग हुनुपर्ने देखिन्छ । वर्तमान अवस्थामा जे जती तालिम अप्राप्त शिक्षकहरूवाट शिक्षण हुँदै आएको छ तिनीहरूलाई पूर्ण तालिमको व्यवस्था गरिनुका साथै तालिमप्राप्त शिक्षकहरूलाई समेत समय समयमा पुनर्ताजगी तालिमको व्यवस्था सम्बन्धित पक्षबाट गरिनुपर्ने देखिन्छ । शैक्षणिक योजना निर्माण गरी त्यसको प्रभावबाट गुणस्तरीय शिक्षालाई टेवा पुग्न जाने देखिन्छ ।

यस अध्ययन क्षेत्रको माध्यमिक तहको उद्देश्य जनशक्ति उत्पादन गर्ने उच्च शिक्षाको आधार भएकोले देशको आवश्यकतालाई महसुस गरी शैक्षणिक योजना निर्माण गरेर त्यसको कार्यान्वयन तर्फ विशेष ध्यान दिनुपर्ने जरुरी देखिन्छ । विद्यालयका शिक्षकहरूले शैक्षणिक योजनाको प्रभावकारिताको सम्बन्धमा बढी जान्नु पर्ने र विद्यालयको पठनपाठनलाई गुणस्तरीय बनाउन पर्ने भएकोले यस अध्ययनमा यस अनुसन्धानलाई लिइएको छ ।

# सन्दर्भ सूची

अधिकारी, तोयानाथ(२०६६) *शिक्षाको परिचय,* विराटनगर : श्याम पुस्तक भण्डार

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०६५) *शिक्षाको परिचय,* काठमाण्डौः भूँडीपुराण प्रकाशन ।

पौडेल, लेखनाथ(२०४५) *शैक्षिक प्रक्रिया र नेपाल शिक्षा,* काठमाण्डौ प्रतिभा पुस्तक भण्डार ।

काफ्ले बासुदेव र अन्य(२०६०) शैक्षिक योजना काठमाण्डौ भूँडीपुराण प्रकाशन ।

विष्ट मिनबहादुर (२०४९) *शिक्षाका सिद्धान्त,* ललितपुर साझा प्रकाशन ।

शर्मा, चिरञ्जिवी र शर्मा निर्मला (२०६५) शैक्षणिक विधि, काठमाण्डौ, एम. के. पब्लिसर्स एण्ड डिष्ट्रीव्युटर्स ।

नेपाल राष्ट्रिय शिक्षा आयोग(२)१०) *नेपालमा शिक्षा,* काठमाण्डौ, कलेज अफ एजुकेशन ।

शर्मा, गोपीनाथ(२०६०) *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाण्डौ मकालु वुक्स हाउस ।

घिमिरे, भोजराज(२०६६) *स्थानिय पाठ्यक्रमको सान्दर्भिकता,* मोरङ ।

खतिवडा, चैतन्य (२०५६) *विद्यालय सुधार योजनाको निर्माण र कार्यान्वयनको अवस्था* एम.एड तह अप्रकाशित शोधपत्र, सुकुना वहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विभाग इन्द्रपुर, मोरङ ।

शिक्षक मासिक पत्रिका (२०६६ साउन), काठमाण्डौ एकता वुक्स हाउस ।

सिंह, ललित विक्रम (२०६५) *विद्यालय सुधार योजना र कार्यान्वयन* एम.एड. अप्रकाशित शोधपत्र, केन्द्रिय क्याम्पस किर्तिपुर काठमाण्डौ ।

उच्चस्तीय राष्ट्रिय शिक्षा आयोग(२०५५) काठमाण्डौ उच्चस्तरीय शिक्षा आयोग, लेखक ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६३) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

जवरा, स्वयंप्रकाश, श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार, किरणराम(२०६२) *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्रबहादुर (२०५९) *शिक्षाको परिचय* काठमाण्डौ भूँडीपुराण प्रकाशन ।

**माध्यमिक तहमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था**

## अनुसूची १

क.स. ................................ मिति : ...................

नाम : ............................ .. विद्यालयको नाम :..................

ठेगाना ......................... प्रधानाध्यापकको अनुभव वर्ष : ..........

१) तपाईंको विचारमा शैक्षणिक योजनालाई कस्तो मान्नुहुन्छ ?

क) व्यवहारिक र समय सान्दर्भिक ख) आवश्यकीय र व्यवहारिक

ग) अनिवार्य र गुणात्मक

२) तपाईंको विचारमा शैक्षणिक योजनाको आवश्यक छ ?

उत्तर :

३) तपाईंको विद्यालयमा शैक्षणिक योजना बनाउने शिक्षकको योग्यता र दक्षता सम्बन्धमा आफ्नो विचार भन्नुहोस् ।

उत्तर :

४) तपाईंको विद्यालयमा शैक्षणिक योजना बनाई पढाउने वातावरण कस्तो छ ?

क) स्वस्थ्य र सफा सिकाई अनुकूल ख) प्रदुषण रहित

ग) विद्यार्थी शिक्षक आचारसंहिता

५) तपाईंको विद्यालयमा भौतिक पक्षको अवस्था कस्तो छ ?

क) उपयुक्त कक्षा कोठा ख) खानेपानी र शौचालय

ग) पर्याप्त सुविधायुक्त फर्निचर

६) तपाईंको विद्यालयमा शैक्षणिक योजना सम्बन्धी कस्तो व्यवस्था छ ?

उत्तर :

७) तपाईंको विद्यालयमा सरकारी दरबन्दी र निजीमा कार्यरत शिक्षकहरू कति हुनुहुन्छ ?

उत्तर :

८) तपाईंको विद्यालयमा शैक्षणिक योजना निर्माणमा देखापरेका केहि समस्या र समाधान गर्ने उपायहरू बताइदिनुहुन्छ कि ?

९) तपाईंको विद्यालयमा दैनिक कक्षा सञ्चालनको लागि अति अवश्यकीय शैक्षिक सामग्रीहरू के-के छन् ?

उत्तरु :

१०) तपाईंको विद्यालयमा समुदाय र अभिभावकबाट सहयोग गर्ने कार्य कस्तो छ ?

उत्तर :

११) तपाईंको विद्यालयमा उपलब्ध शैक्षिक सामग्री शिक्षणको सम्बन्धमा तपाईंको धारणा के छ ?

क) पर्याप्त छ ख) पर्याप्त छैन ग) सामान्य छ

१२) शैक्षणिक योजनालाई प्रभावकारी रुपले लैजान कस्ता कदमहरू चाल्नुपर्छ ?

क) वार्षिक कार्य योजनाको निर्माण ।

ख) विषय र पाठ अनुसारको शैक्षिक सामग्री तयार गर्ने ।

ग) दैनिक पाठयोजना निर्माण गर्ने ।

घ) सरकारले विषयगत शिक्षक र सामग्रीमा लगानी गर्नुपर्ने ।

## माध्यमिक तहमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था

## अनुसूची २

क.स. ................................ मिति : ...................

नाम : ............................ .. विद्यालयको नाम :..................

ठेगाना ......................... शिक्षकको शैक्षिक योग्यता ..................

शिक्षकको अध्यापन कार्यमा अनुभव वर्ष : ................

१) शैक्षणिक योजनाभन्नाले के बुझ्नुहुन्छ ?

उत्तर :

२) तपाईं विद्यालयमा वार्षिक योजना पनि बनाउनु हुन्छ ?

क) छ ख) छैन ग) कहिलेकाँही

३) तपाईंले सम्पूर्ण पाठको पाठ योजना पनि बनाउँनुहुन्छ ?

क) बनाउँछु ख) कहिलेकाँही

ग) बनाउँदिन घ) सधैं बनाउँछु

४) तपाईंले बनाउनुभएको पाठयोजना विषयवस्तुसँग सम्बन्धित छ वा छैन भनेर हेर्ने मापदण्ड के होलान ?

उत्तर :

५) तपाईंको कक्षा शिक्षण गर्दा बढि प्रयोगमा ल्याउने विधिहरू के-के होलान ?

क) प्रवचन र छलफल ख) प्रवचन अध्ययन अनुसन्धान

ग) अन्वेषण र खोज

६) कक्षा शिक्षण विधिहरूको छनौट के को आधारमा गर्नुहुन्छ ?

उत्तर :

७) तपाईंले शिक्षण गर्दा प्रयोग गर्ने शैक्षिक सामग्रीको ५ वटा नाम बताउनुहोस् ।

उत्तर :

८) पाठ्यक्रमले निर्देशित गरेका विधिहरू क्रियाकलाप सुहाउँदो छ ?

उत्तर :

९) तपाईंले शिक्षण गर्दा अपनाउँने मूल्याङ्कनका साधनहरू के-के हुन ?

उत्तर :

१०) तपाईंले शैक्षिक योजना निर्माण गर्दा आइपरेका समस्यालाई कसरी समाधान गर्नुहुन्छ ? कुनै तीनवट बुँदा भन्नुहुन्छ कि ?

उत्तर :

११) विषयवस्तुका प्रकृति र स्वरुपका आधारमा सम्पूर्ण शैक्षिक सामग्रीहरू उपलब्ध हुन सकेका छन् ?

क) छ  ख) छैन  ग) छैन भने त्यसको तीनवटा कारण भन्नुहोस ।

१२) शैक्षिक सामग्रको प्रयोग विना शैक्षणिक योजनाको प्रभावकाता प्रति तपाईंको धारणा के छ ?

क) अभिप्रेरणा जगाउन गाह्रो

ख) निर्धारित उद्देश्य हासिल गर्न गाह्रो

ग) विषयवस्तुका लागि समय बढी लाग्ने वा अध्यापन गर्न असजिलो

**माध्यमिक तहमा शैक्षणिक योजनाको व्यवस्थापकीय अवस्था**

## अनुसूची ३

क.स. ................................ मिति : ...................

नाम : ............................ .. विद्यालयको नाम :..................

ठेगाना ......................... कक्षा : ..................

१) तपाईंलाई शिक्षकले पढाउँदा पाठयोजना बनाएर पढाउनुहुन्छ ?

क) हुन्छ ख) हुदैन थाहा छैन

२) तपाईंले कक्षामा शिक्षण गर्दा योजनाहरू बनाउनु भएको छ ?

क) छ ख) छैन ग) छैन भने किन ?

३) तपाईंको शिक्षकले कक्षा शिक्षणमा कस्ता सामग्रीहरू प्रयोग गर्नुहुन्छ ? नाम भन्नुहुन्छ कि ?

उत्तर :

४) तपाईको शिक्षकले पाठ पढाइसकेपछि ज्ञान भएको नभएको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

क) मौखिक प्रश्न सोधेर ख) गृहकार्य दिएर

५) तपाईंको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

क) उपयुक्त कक्षा कोठा ख) पर्याप्त सुविधायुक्त फर्निचर
ग) खानेपानी, शौचालय र पुस्तकालयको व्यवस्था

६) विद्यालयले तपाईहरूको मूल्याङ्कन (विशेष जाँच वा परीक्षा) कसरी लिंदै आएको छ ?

क) त्रैमासिक अर्धवार्षिक र वार्षिक परीक्षाबाट ख) अर्धवार्षिक र वार्षिक परीक्षाबाट ग) वार्षिक परीक्षाबाट

७) कक्षा शिक्षणमा देखा परेका देखा परेका समस्यालाई कसरी समाधान गर्न सक्नुहुन्छ ? कुनै चारवटा बुँदा भन्नुहुन्छ कि ?

उत्तर :

८) विद्यालय सुधार गर्न तपाईंको विचारमा कस्तो भूमिका बढि हुनुपर्ला ?

क) अभिभावक ख) प्र.अ. ग) शिक्षक घ) विद्यार्थी

९) तपाईंको कक्षा शिक्षकले कसरी पढाउनुहुन्छ ? कुनै तीन बुँदाहरू भन्नुहुन्छ कि ?

उत्तर :

# अनुसूची ४

विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई सोधिएको प्रश्नावली

क्र.स. ................................ मिति : ...................

नाम : ............................ .. विद्यालयको नाम :..................

ठेगाना ......................... कक्षा : ..................

१) तपाईं आफ्नो विद्यालयमा कस्ता किसिमका सहयोग गर्नुहुन्छ ?

उत्तर : क) आर्थिक ख) भौतिक ग) व्यवस्थापन

२) तपाईंको विद्यालयको भौतिक अवस्था कस्तो छ ?

उत्तर : क) पर्याप्त ख) सामान्य ग) न्यून

३) तपाईले आफ्नो विद्यालयको शैक्षणिक योजनालाई कस्तो मान्नुहुन्छ ?

उत्तर : क) राम्रो ख) सामान्य ग) न्यून

४) कक्षामा शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू तपाईको विचारमा के हुन सक्छ ?

उत्तर :

५) विद्यालयलाई सुधार गर्न तपाईको महत्वपूर्ण भूमिका के हुन सक्छ ? कुनै दुईवटा बुँदा बताउनुहुन्छ कि ?

उत्तर :

६) “शिक्षाको गुणस्तर उकास्न प्रभावकारी शिक्षण हुनुपर्दछ” यसमा तपाईको राय के छ ?

उत्तर :

७) तपाईको विद्यालयमा शिक्षकहरूले कसरी पढाउनु हुन्छ ?

उत्तर :

८) विद्यालयको वातावरणलाई शैक्षिक योजना अनुरुप बनाउँन कस्ता कदमहरू अपनाउनुपर्ला ? कुनै तीनवटा बुँदा भन्नुहुन्छ कि ?

उत्तर :

९) तपाईले विद्यालयमो शैक्षणिक योजनाको कार्यान्वयनमा देखा परेका समस्या र त्यसका समाधान गर्न कस्ता उपायहरू अपनाउनु हुन्छ ?

उत्तर :